लुम्बिनी प्रदेश सरकार


# नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था




आर्थिक वर्ष २०७५/०७६ र आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम मार्फत गरिएका प्रतिवद्धताहरुको विश्लेषण

लुम्बिनी प्रदेश सरकार

# नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था




आर्थिक वर्ष २०७५/०७६ र आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम मार्फत गरिएका प्रतिवद्धताहरुको विश्लेषण

# लुम्बिनी प्रदेश सरकार
# नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था


अध्ययनकर्ता : **तिलक पाठक**

अध्ययन सहयोगी : **किरण कौशल र शर्मिला थापा**

भाषा सम्पादक : **गोपाल प्रसाद बश्याल**

संयोजक : **कृष्ण पोखरेल**

प्रकाशन मिति : **२०७७**

प्रकाशक :

**पाल्पा विकास केन्द्र**
**तानसेन नगरपालिका–२, पाल्पा**
**फोनः ०७५–५२२०९९**
**इमेल :** info@nitipatro.com, palpatdc.dov@gmail.com
**बेभः** www.nitipatro.com



BY NC



**यो पुस्तक ओपन सोसाइटी फाउन्डेसनको सहयोगमा तयार पारिएको हो ।**



यस पुस्तकमा लुम्बिनी प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत व्यक्त गरेका प्रतिवद्धताहरूको कार्यान्वयन पक्षको विश्लेषण गरिएको छ । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ यसका अंशहरू उपयोग गर्न सकिनेछ । यसमा गरिएको विश्लेषण, टिप्पणी र सुझाव पाल्पा विकास केन्द्रको हो । त्यसमा ओपन सोसाइटी फाउन्डेसन सहमत नहुन सक्छ ।

## परिचय

पाल्पा विकास केन्द्रले लुम्बिनी प्रदेशमा केन्द्रित भएर विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । लुम्बिनी प्रदेशमा रहेका मिडिया र पत्रकारहरूसँगको सहकार्यमा केन्द्रले प्रदेशभित्रका विभिन्न गतिविधिलाई वाहिर ल्याउने प्रयास गरेको छ । प्रदेशभित्रका विभिन्न मुद्धामा छलफल गरेर वा तालिम सञ्चालन गरेर वा पत्रकारहरूलाई फेलोसिपमार्फत केन्द्रले सञ्चारकर्मी र सञ्चार संस्थाहरूको क्षमता अभिबृद्धि गर्ने काम निरन्तर गर्दै आएको छ । विशेष गरी प्रदेशभित्रका नीतिगत पक्षमा वहसका लागि पत्रकार र मिडिया संस्थाहरूका साथै नागरिक समाज वलियो हुनुपर्छ भन्ने केन्द्रको मान्यता हो । त्यसै मान्यतालाई आत्मसात गर्दै केन्द्रले पत्रकार र मिडिया संस्थाहरूसँग निरन्तर सहकार्य गर्दै आएको हो ।

केन्द्र आफैले पनि प्रदेशसँग सम्बन्धित विभिन्न नीतिगत पाटोमा अध्ययन एवं विश्लेषण गर्ने गर्छ । प्रदेश सभाले बनाएका कानुनहरूको समीक्षा गर्ने कार्य वा सरकारले ल्याएका नीति तथा कार्यक्रमहरूको समीक्षा गर्दै त्यसको कार्यान्वयनको पक्षलाई केलाउने काम केन्द्रले निरन्तर रूपमा प्रदेश सभा, प्रदेश सरकार र स्थानीय सरकारहरूको खवरदारी गर्दै आएको छ । साथै यस्ता नीतिगत पक्षमा केन्द्रले विभिन्न छलफलमार्फत सरोकारवाला पक्ष र नीति निर्माण तहमा पनि जानकारी गराउँदै आएको छ । यस्ता कार्यक्रम र गतिविधी सञ्चालन गर्नुको मुख्य उद्देश्य स्थानीय सरकार एवं प्रदेश सरकारले ल्याएका नीतिहरूमा सरोकारवाला पक्षको ध्यान आकृष्ट गराउनु हो । नीति बनाउने निकाय र सरोकारवाला पक्षविचको आपसी समन्वय र सहकार्य हुन सके मात्र त्यस्ता नीति एवं कार्यक्रमहरूको कार्यान्वयन पनि प्रभावकारी हुने गर्छ । यस अर्थमा केन्द्रले लुम्बिनी प्रदेश सरकार र यस प्रदेशका स्थानीय सरकारका काम कारवाहीको विषयमा निरन्तर अध्ययन गर्ने र त्यसको यथार्थ अवस्था वाहिर ल्याउने काम गर्दै आएको हो । केन्द्रका यस किसिमका कार्यले केही हदसम्म नीति निर्माण तह र सरोकारवाला पक्षलाई जोड्न सकेको हाम्रो विश्वास छ ।

त्यसै क्रममा केन्द्रले प्रदेश सरकारले ल्याएका नीति तथा कार्यक्रमको कार्यान्वयन पक्षलाई केलाउने जमर्को गरेको हो । यो आलेखमा लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ र आर्थिक वर्ष २०७६/०७७ मा नीति तथा कार्यक्रममार्फत गरेका प्रतिवद्धताहरूको कार्यान्वयन के कति भए भन्ने कुरालाई विश्लेषण गरिएको छ । यसरी सरकारको नीति तथा कार्यक्रमलाई ट्र्याकिङ गर्दा सरकारलाई जनताप्रति उत्तरदायी हुन दवाव पर्ने र सर्वसाधारण एवं सरोकारवाला पक्षलाई सरकारी नीतिगत प्रतिवद्धता कार्यान्वयनका विषयमा सुसुचित हुने अवसर प्राप्त हुने हाम्रो विश्वास छ । त्यसैका कारण पनि हामीले यो अध्ययन गरेका हौं । यस अध्ययन कार्यमा संलग्न हुनुहुने तिलक पाठक, गोपाल प्रसाद बश्याल, किरण कौशल, शर्मिला थापा लगायत यस केन्द्रमा आवद्ध साथीहरूलाई धन्यावाद दिन चाहन्छौं । यसका साथै कार्यक्रमलाई मार्गनिर्देश गर्ने सोसल साइन्स वहाः सर्भिसेजका हरि शर्मा, प्रेम सापकोटा र शेहनाज बानु, पाल्पा विकास केन्द्रका अध्यक्ष कृष्ण पोखरेल सहित कार्यसमिति सदस्यलाई पनि विशेष धन्यावाद दिन चाहन्छौं । कार्यक्रमका लागि आर्थिक सहयोग गर्ने ओपन सोसाइटी फाउन्डेसनप्रति आभारी छौं ।

**पाल्पा विकास केन्द्र**

लुम्बिनी प्रदेश सरकार

# नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था

मुलुक संघीयतामा गएसँगै प्रदेश सरकारले हरेक वर्ष नीति तथा कार्यक्रम ल्याउँदै विभिन्न प्रतिवद्धता अघि सार्दै आएको छ । यो आलेखमा लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ र आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममार्फत गरिएका तिनै प्रतिवद्धताहरूको कार्यान्वयन पक्षलाई केलाउने प्रयास गरिएको छ । त्यसका लागि सरकारको नीति तथा कार्यक्रममा उल्लेखित आर्थिक तथा सामाजिक पक्ष, रोजगारी, सेवाप्रवाह, निजामति सेवा, वित्तिय पहुँच, विपद् व्यवस्थापन, सञ्चारको क्षेत्र, पुर्वाधार विकास, कृषि, सहकारी, वस्ती विकास, औद्योगिक क्षेत्रको विकास, पर्यटन विकास, वन व्यवस्थापन, खेलकुद, अत्यावश्यक सामाग्रीको व्यवस्थापन, मानव तथा सामाजिक व्यवस्थापन लगायतका पक्षको विश्लेषण गरिएको छ । यसरी विभिन्न क्षेत्रको वर्गीकरण गरिएअनुसार ती क्षेत्रसँग सम्बन्धित प्रतिवद्धता कार्यान्वयन भए/नभएको विषयलाई केलाउने क्रममा सरोकारवाला पक्षसँग कुराकानी गरिएको थियो भने कतिपय पुर्वाधार निर्माणसँग सम्बन्धित विषयको अवस्था पत्ता लगाउन 'फिल्ड भिजिट' गरिएको थियो । सरकारकै विभिन्न मन्त्रालय तथा निकायहरूमा कार्यरत जिम्मेवार अधिकारीहरूसँगको कुराकानीका साथै सरकारी प्रतिवेदनमा उल्लेखित प्रगति विवरण र अन्य सरोकारवाला पक्षसँग सोधखोज गरी यो आलेख तयार पारिएको हो ।

**आर्थिक तथा सामाजिक पक्षको पहिचान**

आर्थिक वर्ष २०७५/०७६ मा लुम्बिनी प्रदेश सरकारले आफनो नीतिमा 'समृद्ध प्रदेश खुसी जनताको लक्ष्यका साथ योजनावद्ध विकासको बाटोमा अघि बढ्ने अठोट' ब्यक्त गरेको थियो । साथै आवधिक योजनाको दस्तावेज तयार हुने विश्वास पनि प्रदेश सरकारको थियो । तर, सरकारको नीतिगत प्रतिवद्धताअनुसार यी कामहरू त्यसै वर्ष सम्पन्न भएनन् । तर, अर्को आर्थिक वर्षमा यी कामहरू सम्पन्न भएको देखिन्छ ।

प्रथम आवधिक योजनामा ६ वटा रणनीतिक स्तम्भका आधारमा रही प्रदेशका सम्भावना, चुनौती र अवसरहरूलाई विश्लेषण गरिएको छ । प्रदेश योजना आयोगले आर्थिक वर्ष २०७६/०७७ मा प्रथम अवधिक योजनाको प्रथम आर्थिक वर्षको बार्षिक समिक्षा प्रतिवेदन तयार गऱ्यो । मध्यमकालीन खर्च संरचना २०७६-२०७९ निर्माण गरेर त्यस अनुसारका योजना र बजेट निर्माण गरियो भने प्रदेशको आर्थिक सामाजिक विकासको स्थितिपत्र तयार गरेर प्रदेशको आर्थिक र सामाजिक पक्षको पहिचान गर्ने काम भएको छ ।

प्रदेश योजना आयोगका उपाध्यक्ष प्रा. डा. ईश्वर गौतमको भनाईमा प्रदेशमा उपलब्ध प्राकृतिक सम्पदा र भौगोलिक विविधताको अधिकतम प्रयोग गरी उच्च दरको आर्थिक बृद्धिदर हासिल गर्दै सामाजिक न्यायमा आधारित विकास गर्ने उद्देश्य रहेको छ । समृद्धिको लागि

कृषि, उत्पादनमुलक उद्योग, पर्यटनको विकासलाई प्राथमिकतामा राख्दै ती क्षेत्रहरूको लागि आवश्यक भौतिक पूर्वाधार र मानवीय पुँजी निर्माणलाई प्राथमिकतामा राखिएको छ ।

**स्रोत परिचालन एवं लगानी**

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ मा सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा नयाँ उद्यम व्यवसाय र पूर्वाधार विकासका आधारहरू तयार गर्ने गरी स्रोतको परिचालन गर्ने नीति ल्याएको हो । प्रदेश योजना आयोगका प्रवक्ता डा विष्णु प्रसाद गौतमका अनुसार यसको कार्यान्वयनको लागि आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशभित्र डेरी व्यवसायीहरूसँग डेरी उत्पादन, प्याकेजिङ्का साथै दुग्ध बिक्रि वितरण तथा दुग्ध प्रशोधनका क्षेत्रमा सहकार्यको थालनी भएको छ । ऊखु खेति गरिरहेका किसानहरूसँग सहकार्य गरेर जुस तथा अन्य बस्तु उत्पादन गर्न सकिने सम्भावनाको खोजी गरिएको र बर्दियामा दाना उद्योगीहरूसँग सहकार्य गरेर प्रदेशभित्र दानाको आपुर्ति सहज बनाउन खोजिएको गौतमले बताए ।

आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रूपमा स्रोतको परिचालन गरिने सरकारको नीतिअनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ सम्ममा परियोजना बैंकको रूपमा १५ वटा आयोजनाहरू छनौट गरेको प्रदेश योजना आयोगका प्रवक्ता गौतमले बताए । आन्तरिक स्रोत वृद्धिका लागि योजनाबद्ध प्रयास गरिने नीति कार्यान्वयनका लागि प्रदेश सरकारले मनोरञ्जन कर र विज्ञापन कर संकलनसम्बन्धी नियमावली तयार गरेर कार्यान्वयन गर्ने तयारी गरेको छ । नदीजन्य बस्तु निकासी र बिक्री वितरणलाई पनि व्यवस्थित गर्न खोजिएको आर्थिक मामिला तथा योजना मन्त्रालयका लेखा अधिकृत लिलाधर अर्याललले बताए । लगानी प्रवर्द्धन गर्न आर्थिक वर्ष २०७६/०७७ मा लगानी सम्मेलनको आयोजना गरिने सरकारको नीतिअनुसार २०७७ वैशाख ४ र ५ गते लगानी प्रवर्द्धन सम्मेलनको आयोजना गर्ने तयारी भएपनि कोरोना कहरका कारण सम्भव भएन ।

*तालिका १ः स्रोत परिचालन एवं लगानीको अवस्था*

| २०७६/०७७ को नीतिगत व्यवस्था | कार्यान्वयन पक्ष |
|---|---|
| सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा नयाँ उद्यम व्यवसाय र पूर्वाधार विकासका आधारहरू तयार गर्ने गरी स्रोतको परिचालन गरिनेछ । | • आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशभित्र डेरी व्यवसायीहरूसँग डेरी उत्पादन, प्याकेजिङ् दुग्ध विक्रि वितरण तथा दुग्ध प्रशोधनका क्षेत्रमा सहकार्य थालनी भएको छ ।<br>• ऊखु खेति गरिरहेका किसानहरूसँग सहकार्य गरेर जुस तथा अन्य बस्तु उत्पादन गर्न सकिने सम्भावनाको खोजि गरिएको छ ।<br>• बर्दियामा दाना उद्योगीहरू सहकार्य गरेर प्रदेशभित्र दानाको आपुर्ति सहज बनाउने कार्यक्रम गर्न खोजिएको छ । |

| २०७६/०७७ को नीतिगत व्यवस्था | कार्यान्वयन पक्ष |
|---|---|
| आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल, तथा प्रभावको आधारमा आयोजना तथा कार्यक्रमको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रूपमा स्रोतको परिचालन गरिनेछ । | आयोजनाको सान्दर्भिकता, त्यसबाट हुने लाभ, लागत अनुमान, स्रोत परिचालन अनुसारको उपलब्धी, पूर्व सम्भाव्यता अध्ययन आदिको मापन गरेर मात्रै आयोजना तथा कार्यक्रम सञ्चालन गर्न खोजिएको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ सम्म परियोजना बैंकको रूपमा १५ वटा आयोजनाहरू छनौट गरेको छ । |
| आन्तरिक स्रोत वृद्धिका लागि योजनाबद्ध प्रयास गरिनेछ । विप्रेषण आयलाई उत्पादनमूलक कार्यमा लगाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । | • आन्तरिक स्रोत बृद्धिका लागी प्रदेश सरकारले मनोरञ्जन कर र विज्ञापन कर संकलन सम्बन्धि नियमावली तयार गरेर कार्यान्वयन गर्ने तयारी गरेको छ ।<br>• नदीजन्य बस्तु निकासी र बिक्रि वितरण सम्बन्धमा व्यवस्थित गर्ने पहल भएका छन् । |

**स्वदेशमै रोजगारी**

युवा श्रमशक्तिलाई नेपालमै स्वरोजगारी उपलब्ध गराउन सहकारी र निजी क्षेत्रसँगको साझेदारीमा रोजगारीका अवसरहरू सिर्जना गरी ५ वर्षभित्र रोजगारीको लागि विदेशिनुपर्ने वाध्यतालाई अन्त्य गर्ने प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख थियो । यो नीतिको कार्यान्वयनको लागि प्रदेश सरकारले मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम, स्मार्ट कृषि गाउँ कार्यक्रम, युवा लक्षित श्रम तथा रोजगार प्रर्वद्धन कार्यक्रम सुरू गरेको देखिन्छ । घरपरिवार तथा समुदायको गरिबी निवारण तथा रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यले मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम ३५ गाउँपालिकाबाट शुरू गरिएको प्रदेश सरकारको भनाई छ । आर्थिक वर्ष २०७५/०७६ देखि सुरू भएको यो कार्यक्रमबाट पहिलो वर्ष नै ५० हजार ८२० जना र दोस्रो वर्ष एकलाख भन्दा बढी जनसंख्या लाभान्वित भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका उपसचिव यमकान्त पाण्डेयले बताए (पौडल, २०७७ क) ।

योजना आयोगका उपाध्यक्ष गौतमको भनाईमा स्मार्ट कृषि गाउँ कार्यक्रम प्रदेशकै महत्वपूर्ण कार्यक्रम हो जुन जलवायु अनुकुलन कृषि प्रणालीबाट कृषकहरूको आम्दानी दोब्बर गर्न, रोजगारी सिर्जना गर्न र दिगो खाद्य सुरक्षा कायम गर्न शुरू गरिएको हो । प्रदेशभित्र ५२ स्थानवाट यो कार्यक्रमको सुरूवात गरिएको हो । आर्थिक वर्ष २०७६/०७७ मा थप २४ वटा गाउँ छनौट गरियो । पहिलो वर्ष २६ करोड, दोस्रो वर्ष ३५ करोड र अर्को वर्ष ४८ करोड रूपैयाँ पुऱ्याइएको छ । 'अव पालिकापिच्छे एउटा स्मार्ट कृषि गाउँ हुनेछ । यसका लागि मन्त्रालयले योजना बनाइरहेको छ', प्रदेश नम्बर ५ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका पशु विकास अधिकृत डा. यज्ञ अधिकारी बताउँछन् (पौडेल, २०७७

ख) । स्मार्ट कृषि गाउँका लागि प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्रका सबै गाउँपालिका प्रमुखहरूसँग छलफल गरी उपयुक्त र बढी सम्भावना बोकेको एउटा गाउँ छनोट गरेका हुन् । यसका लागि सडक पुर्वाधार भने पुगेको हुनुपर्ने शर्त राखिएको छ । स्मार्ट कृषि गाउँमा खाद्यान्न, तरकारी, फलफूल र पशुपालनमध्ये जुनसुकै खेती र व्यवसाय गर्न सकिने छ । छनोट हुने प्रत्येक गाउँले ५० लाख रूपैयाँ वजेट प्राप्त गर्नेछन् । उक्त वजेट गाउँको आवश्यकताअनुसार सिचाइँ, मल, बीउ, प्राविधिक सहयोग, उत्पादनको बजारीकरणमा खर्च हुनुपर्ने कार्यविधिमा उल्लेख छ । लुम्बिनी प्रदेशका योजना आयोगका उपाध्यक्ष डा. प्रकास कुमार श्रेष्ठले स्मार्ट कृषि गाउँ कार्यक्रमले उत्पादनदेखि बजारसम्म कृषकलाई सहयोग गर्नुका साथै कार्यक्रम सफल बनाउन सघन अनुगमन र सहज प्राविधिक सेवालाई प्राथमिकतामा राखिएको बताए (पोखरेल, २०७६) ।

प्रदेशभित्र रोजगारी सिर्जना गर्नका लागि प्रदेश सरकारले पर्यटन प्रर्वद्धनका कार्यक्रमहरू, पर्यटकीय पूर्वाधार निर्माण, पर्यटक स्थलसम्मको पहुँच मार्गहरू निर्माणलाई प्राथमिकतामा दिने कार्यक्रम सञ्चालन गरेको गौतमले बताए । त्यस्तै सामाजिक विकास मन्त्रालय युवा लक्षित श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले युवाहरू र वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई लक्षित गरेर सञ्चालन गरेका कृषिका कार्यक्रम पनि रोजगारकेन्द्रित गरेरै ल्याइएका हुन् । कृषि एम्बुलेन्स सञ्चालन, कृषि तथा पशुपालनमा अनुदान र सुलभ कर्जा सहजीकरण तथा ब्याज अनुदान कार्यक्रमदेखि कृषकहरूलाई दुध, मासु, आलुको बीउ उत्पादनलगायतमा अनुदान दिने कार्यक्रम स्वदेशमै रोजगारी सिर्जना गर्ने हिसावले ल्याइएको गौतमको भनाई छ । लुम्बिनी प्रदेश सरकारले बजेटमा नै व्यवस्थापन गरी कुल ५१ करोड १४ लाख रूपैयाँको कोभिड १९ विशेष कृषि कार्यक्रम ल्याएको छ । कोभिडकै कारण विदेशबाट रोजगारी गुमाएर फर्किएकाहरूलाई विशेष अवसर दिनेगरी यो कार्यक्रम ल्याइएको हो । प्रदेश ५ का १ सय ९ वटा पालिकामा प्रत्येक पालिकाबाट १/१ सय जना किसानको सहभागिता गराइने यो कार्यक्रममा १० हजार ९ सय जना किसानलाई समेटिने छ । यसको लागि मात्र प्रदेश सरकारले कुल २१ करोड, ८० लाख रूपैयाँ विनियोजन गरेको छ (खनाल, २०७७) । स्थानीय सरकारहरूले पनि कृषि क्षेत्रको व्यावसायीकरण, गुणस्तर परीक्षण, विविधिकरण, आधुनिकीकरण, यान्त्रिकरण, ग्रामीण पूर्वाधार विकास र अनुगमनका माध्यमबाट उत्पादन बृद्धि गरी कृषि उत्पादनलाई वाह्य बजारमा निर्यात गर्ने नीतिका साथै "कृषक पहिचान कृषिमा स्वाभिमान" जस्ता नारा अगाडि सार्दै आएका छन् (शर्मा, २०७७) । विभिन्न स्थानीय सरकारहरूले प्रादेशिक सरकारको नीति तथा कार्यक्रमको सोचअनुसार रोजगारी सिर्जनाका लागि विभिन्न कार्यक्रमहरू ल्याएको देखिन्छ भने त्यसको कार्यान्वयनमा पनि जोड दिएका छन् । (विस्तृत विवरणको लागि अर्याल, २०७७, आचार्य, २०७७, रायमाझी र पोखरेल, २०७७ हेर्नुहोला ।)

यसका अतिरिक्त उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले साना तथा घरेलु उद्योगहरूको विकास र रोजगारी सिर्जना गर्ने गरी कार्यक्रम ल्याएको देखिन्छ भने साना

उद्योगहरू स्थापना गर्दा दर्ता शुल्कमा छुट दिने नीति लिएको पनि पाइन्छ । लुम्बिनी प्रदेश सरकारले प्रदेश सरकार पनि जनतासंग प्रत्यक्ष जोडिएको हुन्छ भन्ने कुरा स्थापित गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमार्फत उद्यमी जन्माउने, पालिकास्तरमा औद्योगिक ग्राम स्थापना गर्ने र उद्योगीका उत्पादनको प्रवर्द्धन गर्नेसम्मका नौला कार्यक्रम थालेको छ । मन्त्रालयले साना तथा मझौला उद्यमी तयार गरी रोजगारी सिर्जना र आयात प्रतिस्थापनमा योगदान पुऱ्याउने उद्देश्यले नौलो कार्यक्रम लघु, घरेलु तथा साना उद्यम विकास कोष सञ्चालन गरेको हो । यो कोष स्थानीय तहसंगको सहकार्यमा सञ्चालन गरेको हो । मन्त्रालयको दावी अनुसार यो कार्यक्रमले तीन सयजना नयाँ उद्यमी जन्माउने छ (शर्मा, २०७७) ।

स्थानीय श्रम बजारमा श्रमिकले रोजगारी पाउने अवस्थालाई प्रत्याभुत गर्न श्रम बैंकको उपयोगितावारे सम्भाव्यता अध्ययन गरिने सरकारको नीतिगत प्रतिवद्धता पनि रोजगारीको लागि विदेशिनैपर्ने स्थितिलाई कम गर्ने हिसावले ल्याइएको हो । त्यसलाई सम्बोधन गर्ने क्रममा प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ मा मात्रै यो कार्यान्वयनमा ल्याउने प्रयास गरेको देखिन्छ । श्रम बैंक स्थापनाभन्दा पनि रोजगारी लिन चाहने र रोजगारी दिन चाहनेहरूको पहुँचमा हुने गरी प्रदेश सरकारले एक डिजिटल पोर्टल निर्माण थालेको गौतमले बताए । यो पोर्टलमा रोजगारदाताको विवरण र रोजगारी लिन चाहने श्रमिकहरूको विस्तृत विवरण समावेश गरिने र यसको विवरण सबै स्थानीय तहबाट सहजकर्तामार्फत भर्न लगाउने व्यवस्था गरेको गौतमले बताए । यसबाट आफुलाई अनुकुल हुने श्रमिक र रोजगारदाता पत्ता लगाउन सहज हुने प्रदेश सरकारले विश्वास गरेको छ । रोजगार पोर्टलमा यसका सबै विवरण राखिने भएपछि स्थानीय तथा प्रदेश सरकारलाई उनीहरूलाई सहजीकरण गर्न सजिलो बन्ने आयोगको अपेक्षा छ (आचार्य, २०७७) ।

*तालिका २: रोजगारी प्रतिवद्धता र कार्यान्वयनको अवस्था*

| २०७५/०७६ को नीतिगत व्यवस्था | कार्यान्वयनको अवस्था |
|---|---|
| समृद्ध प्रदेश खुशी जनतालाई पछ्याउने आर्थिक वृद्धि हासिल गर्ने, युवा श्रमशक्तिलाई नेपालमै स्वरोजगारी उपलब्ध गराउन सहकारी र निजी क्षेत्रसँगको साझेदारीमा रोजगारीका अवसरहरू सिर्जना गरी ५ वर्षभित्र रोजगारीको लागि विदेशिनुपर्ने वाध्यतालाई अन्त्य गर्ने कुरालाई केन्द्रविन्दुमा राखिएको छ । | • मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम ३५ गाउँपालिकाबाट शुरू ।<br>• स्मार्ट कृषि गाउँ कार्यक्रम ५२ स्थानबाट शुरू ।<br>• दुध, मासु, आलुको बीउ उत्पादनमा अनुदान प्रदान ।<br>• युवा लक्षित श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम, वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई लक्षित गरेर कृषिका कार्यक्रम सञ्चालन । कृषि एम्बुलेन्स सञ्चालन, कृषि तथा पशुपालनमा अनुदान र सुलभ कर्जा सहजीकरण तथा ब्याज अनुदान कार्यक्रम सञ्चालन ।<br>• साना उद्योगहरू स्थापना गर्दा दर्ता शुल्कमा छुट । |

| २०७५/०७६ को नीतिगत व्यवस्था | कार्यान्वयनको अवस्था |
|---|---|
| स्थानीय श्रम बजारमा श्रमिकले रोजगारी पाउने अवस्थालाई प्रत्याभूत गर्न श्रम बैंकको उपयोगितावारे सम्भाव्यता अध्ययन गरिनेछ । रोजगारीको लागि विदेशिनैपर्ने स्थितिलाई हरतरहले कम गर्दै लगिने छ । | • आर्थिक वर्ष २०७७/०७८ मा यसलाई कार्यान्वयनमा ल्याउने प्रयास । श्रम बैंक स्थापनाभन्दा पनि रोजगारी लिन चाहने र रोजगारी दिन चाहनेहरूको पहुँचमा हुने गरी प्रदेश सरकारले एक डिजिटल पोर्टल निर्माणको थालनी । रोजगारदाता र रोजगारी गर्न चाहनेहरूका लागि मध्यस्थकर्ताको रूपमा विकास गर्न लागिएको यो पोर्टलको विवरण सबै स्थानीय तहबाट सहजकर्तामार्फत भर्न लगाउने व्यवस्था गरिएको छ । |

प्रदेश योजना आयोगका उपाध्यक्ष प्रा. डा ईश्वर गौतमका अनुसार कोरोना संक्रमण चलिरहेको बेला वैदेशिक रोजगारीमा संलग्न युवाहरूलाई लक्षित गरेर अनलाइन सर्भे गरिएको थियो जसमा १५ देखि १७ लाख युवाहरू स्वदेश फर्किन चाहेको तथ्यांकले देखाएको थियो । यसमध्ये ४० प्रतिशत पुनः विदेश फर्किन र ६० प्रतिशत स्वदेशमै बस्न खोजेको देखिन्छ । स्वदेशमा बस्न खोज्नेमध्ये ७४ प्रतिशत युवाहरूले रोजगारीभन्दा पनि आफ्नै व्यवसाय गर्न चाहेको देखिन्छ । यसको लागि बैंकले प्रदान गर्ने ऋणको ब्याजदर सस्तो र सहज रूपमा कर्जा प्राप्त गर्ने व्यवस्थाको अपेक्षा उनीहरूको थियो ।

स्थानीय श्रम बजारमा श्रमिकको रोजगारी सिर्जना अवस्था हेर्दा लुम्बिनी प्रदेशभित्र सञ्चालनमा रहेका ईट्टा उद्योग र सिमेन्ट उद्योगमा झण्डै ५० प्रतिशतभन्दा बढी भारतीय मजदुरहरू छन् । डा. गौतमका अनुसार उनीहरूलाई नेपाली श्रमिकहरूबाट प्रतिस्थापन गर्न सकिन्छ कि भन्ने हिसावले पनि अध्ययन गर्न खोजिएको छ । सामाजिक विकास मन्त्रालयले युवा लक्षित श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ भने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले युवाहरू र वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई लक्षित गरेर कृषिका कार्यक्रम सञ्चालन गरेको छ । कृषि एम्बुलेन्स सञ्चालन, कृषि तथा पशुपालनमा अनुदान र सुलभ कर्जा सहजीकरण तथा ब्याज अनुदान कार्यक्रम सञ्चालन गरेको छ । उद्योग  पर्यटन वन तथा वातावरण मन्त्रालयले साना तथा घरेलु उद्योगहरूको विकास र रोजगारी सिर्जना, सीप विकासका क्षेत्रका कार्यक्रमहरू गरिरहेको छ । साना उद्योगहरू स्थापना गर्दा दर्ता शुल्कमा छुट दिने नीति लिएको छ । पछिल्लो तथ्यांक अनुसार लुम्बिनी प्रदेशमा बेरोजगार युवाहरूको संख्यामा कमी आएको प्रदेश योजना आयोगका उपाध्यक्ष प्रा. डा ईश्वर गौतमले दाबी गरे ।

**सेवाप्रवाहको प्रभावकारिता**

सेवाप्रवाहलाई शीघ्र, सरल र सहज बनाइने उल्लेख गर्दै आर्थिक वर्ष २०७५/०७६ को नीतिमा भनिएको छ, 'विकास निर्माण कार्यमा तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरिनेछ ।' प्रदेशमा भएका योजनाहरू अनुगमनका लागि योजना

कार्यान्वयन गर्नेसम्बन्धी मन्त्रालय, जिल्ला समन्वय समिति, प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन गर्ने संयन्त्र निर्माण गरिएको छ । तर, यसरी संयन्त्र निर्माण गर्दैमा मात्रै गुणस्तरको सुनिश्चितता हुने अवस्था देखिदैन ।

संविधान प्रदत जनताका मौलिक हकहरूको प्रत्याभूति गर्ने कुरामा प्रदेश सरकारले उच्च प्राथमिकता दिने र मानव अधिकारको संरक्षणका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने नीति सरकारले ल्याएको छ । भयरहित वातावरणमा जिउने अधिकार, स्वच्छ वातावरणमा बस्न पाउने अधिकार, जातीय विभेदविरूद्ध मानवीय मर्यादा र सम्मानको अधिकार, भोकविरूद्ध खाद्य सुरक्षाको अधिकारजस्ता विषयहरूलाई मानव अधिकारको अंगको रूपमा समेट्दै सरोकारवालाहरूको सहभागितामा तर्जुमा गरिएका कार्यक्रमहरूबाट उक्त विषयहरूलाई सम्बोधन गरिने प्रदेश सरकारको नीति हो । तर, यो आफैमा अमूर्त विषय हो । सरकारले आफना नीतिमा यस्तै अमूर्त विषय उल्लेख गरेर कार्यान्वयन प्रक्रियालाई पञ्छाउने काम गरेको देखिन्छ ।

**निजामती सेवाको अवस्था**

प्रदेशस्तरमा कार्यरत निजामती तथा अन्य सेवाका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि प्रदेशस्तरीय तालिम केन्द्र स्थापना गरिने, प्रदेश सभाको कामलाई थप प्रभावकारी बनाउन, प्रदेश सभा सदस्यहरू र सरोकारवाला निकाय तथा विषय विशेषज्ञहरूबीच निरन्तर अन्तरसंवाद गर्ने प्रयोजनका लागि प्रदेश सभा सचिवालयमा सम्वाद केन्द्र स्थापना गर्ने, प्रदेश सभा पुस्तकालय स्थापना गर्नेजस्ता सरकारको कार्यक्रमहरू आर्थिक वर्ष २०७५/०७६ मा नै कार्यान्वयन भएको पाइन्छ । तर, प्रदेश अन्तर्गत रहेका सरकारी सम्पतिको वैज्ञानिक अभिलेख व्यवस्थापन गरिने सरकारको नीतिगत प्रतिवद्धता भने कार्यान्वयन भएको देखिदैन ।

त्यस्तै आर्थिक वर्ष २०७६/०७७ मा सरकारी सेवाका पदाधिकारी एवम् कर्मचारीहरूमा सदाचारिताको विकासका लागि प्रदेशको सदाचारिता नीति तर्जुमा गरी कार्यान्वयन गरिने र प्रदेश सुशासनसम्बन्धी कानून तर्जुमा गरी प्रदेश सरकारबाट गरिने क्रियाकलाप तथा खर्चलाई पारदर्शी बनाईने एवं भ्रष्टाचार र अनियमिततालाई कडाइका साथ निगरानी र दण्डित गरिने नीति सरकारले ल्याएको हो । तर, प्रदेश सदाचारिता नीति अहिलेसम्म तर्जुमा हुन सकेको छैन प्रदेश सुशासन ऐन, २०७६ पारित गरेर त्यसलाई कार्यान्वयनमा ल्याइएको छ । त्यस्तै प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययितासम्बन्धी निर्देशिका, २०७५ पारित गरेर कार्यान्वयनमा ल्याइएको छ ।

**वित्तिय पहुँचको अवस्था**

आधुनिक प्रविधिको प्रयोग गरी नागरिकको वित्तिय पहुँच बढाइने सरकारको नीतिमा उल्लेख छ । आर्थिक वर्ष २०७५/०७६ को वार्षिक समीक्षा प्रतिवेदनमा उल्लेख गरिएअनुसार लुम्बिनी प्रदेशका सबै पालिकाहरूमा वित्तीय पहुँच पुगेको छ । इन्टरनेटका साथै अन्य सञ्चार सुविधा सबै स्थानमा पुगेको र बैंक तथा वित्तीय संस्थाहरूसंग थप पहुँच वृद्धिका लागि

नियमित संवाद र सहकार्य भइरहेको प्रदेश सरकारले जनाएको छ । स्थानीय सरकारहरूले कृषि विकास बैंक र नेपाल बैंकहरूसँग युवा रोजगारीका लागि ऋण प्रवाहका क्षेत्रमा सम्झौता गर्ने काम पनि भएको देखिन्छ ।

त्यस्तै आर्थिक वर्ष २०७६/०७७ मा लुम्बिनी सरकारले प्रदेश सञ्चित कोषबाट खर्च हुने जुनसुकै रकम भुक्तानीको लागि बैंक खाता अनिवार्य गरिने र सबै नागरिकलाई बैंकिङ् पहुँच बिस्तारका लागि संघ एवम् स्थानीय तहसँग समन्वय र बैंकहरूसँग सहकार्य गरिने नीति ल्याएको थियो । त्यसैअनुसार प्रदेश सञ्चित कोषबाट खर्च हुने जुनसुकै रकम भुक्तानीको लागि बैंक खाता अनिवार्य आर्थिक वर्ष २०७७/०७८ बाट गरिएको छ भने ई पेमेन्ट प्रविधिबाट सिधै खातामा रकम जाने व्यवस्था पनि भएको छ । बैंकिङ् पहुँच बिस्तार अन्तर्गत लुम्बिनी प्रदेशका सबै स्थानीय तहका केन्द्रसम्म बैंकहरू पुगेका छन् ।

सरकारले आर्थिक वर्ष २०७५/०७६ मा सहकारी क्षेत्रमा पारदर्शिता, जवाफदेहिता प्रवर्द्धन गर्न तथा सहकारीको माध्यमबाट गरीवी निवारणमा टेवा पुऱ्याउन सहकारी तथा गरीवी निवारण सुचना प्रणालि स्थापना गरिने सरकारको नीति भएपनि यो कार्यान्वयनमा आएको छैन । सहकारी क्षेत्रको विकास गर्न प्रदेशस्तरमा सहकारी विकास कोषको प्रभावकारी परिचालन गरिनेछ भन्ने सरकारको नीतिअनुरूप त्यस्तो कोषको स्थापना भएको छ । प्रदेशस्तरमा एक सहकारी प्रशिक्षण केन्द्र स्थापना गरिने सरकारको नीतिअनुरूप नेपालगञ्जमा रहेको क्षेत्रिय प्रशिक्षण केन्द्रलाई प्रदेश सरकार मातहत ल्याएर सञ्चालन गरिएको छ ।

**विपद् व्यवस्थापनमा कम ध्यान**

नदीहरूमा पूर्व सूचना प्राप्त गर्न संघीय सरकारसँग समन्वय गरी आधुनिक पुर्व सूचना प्रणाली जडान गरिने र प्रदेश विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिने नीति लुम्बिनी सरकारले आर्थिक वर्ष २०७५/०७६ मा ल्याएको थियो । प्रदेशभित्र कालिगण्डकी, राप्ती र कर्णालीसहित १२ स्थानमा पूर्वसूचना प्रणाली जडान गरिएको छ । त्यस्तै, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर जोखिमयुक्त क्षेत्रहरूमा पूर्व सूचना प्रणालीका लागि आवश्यक मेशिनरी, औजार खरिद गरी साइरन, रेनगेज, डिस्प्ले बोर्ड, मोवाइल एप लगायतका उपकरणहरू जडान गरिएको पनि प्रदेश सरकारले जनाएको छ । यस आर्थिक वर्षमा विपद् प्रभावित १४७ लाई १ करोड ८ लाख ३० हजार राहत वितरण गरियो । विपद्बाट ५८ जनाको मृत्यु भएको थियो भने ८५ घर क्षति र ४ व्यवसाय नष्ट भएका थिए ।

आर्थिक वर्ष २०७६/०७७ मा विपद् व्यवस्थापनलाई प्राथमिकता दिनुका साथै चट्याङ प्रतिरोधी अभियान, वर्षा, वायू तथा बाढीमापन एवम् पूर्वसूचना केन्द्र स्थापना, हेलिप्याड निर्माणजस्ता कार्यक्रम सञ्चालन गर्दै लगिने नीति सरकारले ल्याएको थियो । आर्थिक वर्ष २०७६/०७७ मा प्रदेशभित्र बर्दिया, दाङ, बाँके र गुल्मी जिल्लामा विपद् पूर्व सूचना प्रणाली जडान गर्नुका साथै प्रदेशभित्रका विकट पालिकाहरूमा १४ वटा हेलिप्याड निर्माण भएको जसले विपद् व्यवस्थापनमा सहज भएको देखिन्छ । त्यस्तै बुटवलको जितगढीमा रहेको विपद् व्यवस्थापन सामाग्री भण्डार केन्द्रको मर्मत सुधार गरिएको र विपद्का विभिन्न घटनामा

प्रभावित भएका २४५ जना घरपरिवारलाई १ करोड ७ लाख ६३ हजार रूपैयाँ वितरण गरिएको देखिन्छ । त्यस्तै विपद्का समयमा अस्थायी व्यवस्थापनका लागि स्थानीय तहको सहयोगमा जग्गा उपलब्ध हुने स्थानमा बहुउद्देश्यीय भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइने सरकारी नीतिअनुसार विपद् प्रभावित क्षेत्रमा एकीकृत बस्ती तथा पूर्वाधार विकास कार्यक्रम कार्यविधि २०७६ निर्माण गरिएको छ तर नीतिमा उल्लेख भएअनुसार बहुउद्देश्यीय भवन निर्माणको कार्य भने हुन सकेको छैन ।

**सञ्चारमा सकारात्मक थालनी**

प्रादेशिक सुचना तथा सञ्चार प्रतिष्ठान स्थापना गरी सुचना तथा सञ्चार प्रविधिलाई सुशासनसँग आवद्ध गरिने, नेपाल टेलिभिजनको कोहलपुर प्रसारण केन्द्र र दाङस्थित रेडियो नेपालको एफएम रेडियोलाई प्रादेशिक प्रसारण केन्द्रका रूपमा सञ्चालन गर्ने प्रक्रिया अघि बढाउने घोषणा सरकारले गरेको हो । आर्थिक वर्ष २०७६/०७७ मा आएर मात्रै सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान स्थापना गरिएको छ । प्रदेशलाई डिजिटल प्रदेशको रूपमा विकास गर्ने गरी सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानले काम गरिरहेको र सरकारी सेवाहरू अनलाइन सिस्टममा लैजाने लक्ष्यका साथ काम थालनी गरिएको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनाएको छ ।

सरकारको प्रतिवद्धताको पूर्ण कार्यान्वयन नभएपनि केही कार्यको थालनी भने भएको छ जसलाई सकारात्मक रूपमा लिन सकिन्छ । जस्तै नेपाल टेलिभिजन कोहलपुर प्रसारण केन्द्रसँग सम्झौता गरी आधा घण्टा अवधिको प्रदेश डायरी कार्यक्रम ४० वटा र जनचेतनामूलक सन्देशहरू ५ वटा उत्पादन गरी प्रसारण गरिएको छ । त्यस्तै सामुदायिक रेडियो प्रसारक संघ लुम्बिनी प्रदेशसँग सम्झौता गरेर ३० मिनेट अवधिका लागि जनतासँग प्रदेश सरकार कार्यक्रम १० वटा उत्पादन गरी प्रसारण गरिएको छ । सूचनामूलक सन्देश १० वटा उत्पादन गरेर प्रसारण गरिएको छ भने प्रदेशभित्रका ६६ वटा सामुदायिक रेडियोहरूबाट प्रसारण गरिएको थियो । १२ जिल्लाका २३ वटा स्थानीय तहसँग सहकार्यमा २५ वटा टेलिसेन्टर स्थापना भई सञ्चालनमा आएको छ । दूर्गम स्थानका नागरिकहरूलाई कम्प्यूटर, प्रिन्टर, फोटोकपी, इन्टरनेट लगायतका सेवा सुलभ रूपमा उपलब्ध गराइएको पनि प्रदेश सरकारले दावी गरेको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयमा प्रदेश मामिला सूचना केन्द्र स्थापना गरिएको र १२ जिल्लामा जिल्ला सूचना केन्द्र स्थापना गरिएको प्रदेश सरकारले जनाएको छ ।

प्रदेश सरकारका कामका बिषयमा पत्रकारहरूसँग अन्तर्क्रिया गर्ने, आफ्ना वेवसाइटबाट सूचना सार्वजनिक गर्ने र सञ्चार क्षेत्रको उपयोग सकेसम्म बढी गर्ने नीति रहेको र त्यसैअनुसार काम अघि बढाइएको प्रदेश सरकारले जनाएको छ । आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशमा रहेका स्थानीय टेलिभिजन र एफएम रेडियोहरूसँग सहकार्यको थालनी गरेको पनि प्रदेश सरकारको दावी छ । प्रदेशमा एउटा आधुनिक सुविधासम्पन्न सूचना प्रविधि पार्कको निर्माण गरिने सरकारको नीतिगत प्रतिवद्धता पूरा हुन सकेको छैन । योजना आयोगका

प्रवक्ता डा. विष्णु प्रसाद गौतमका अनुसार सुरूमा जग्गा प्राप्तिमा समस्या देखिएपनि आर्थिक वर्ष २०७७/०७८ मा दाङमा त्यस किसिमको पूर्वाधार निर्माणका लागि अध्ययन शुरू भएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा प्रदेशको सूचना तथा सञ्चार माध्यमसम्बन्धी कानूनको तर्जुमासँगै प्रदेश सूचना सञ्चार प्रतिष्ठान गठन गरी सञ्चार माध्यमहरूको स्थापना सञ्चालन र नियमनलाई व्यावस्थित गरिने, सञ्चारमाध्यम र सञ्चारकर्मीको क्षमता विकासका लागि कार्यक्रम ल्याइने, सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक सम्बन्धी मापदण्ड लागू गर्ने सञ्चार माध्यमलाई सरकारी सूचना र विज्ञापन उपलब्ध गराउने नीति सरकारले अघि सारेको थियो । सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन २०७६ जारी गरेर सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठानको गठन भई बुटवलको ट्राफिक चोकमा कार्यालय स्थापना भएको छ । प्रदेशलाई डिजिटल प्रदेश बनाउने कार्य प्रारम्भ गरिने र सूचना प्रविधिको विकास एवं प्रयोगका लागि संगठनात्मक संरचनासँगै प्रदेश डाटा सेन्टरको स्थापना गरिने बताए पनि जग्गा प्राप्ति गर्न नसकेकाले डाटा सेन्टर निर्माणको प्रक्रिया अगाडि बढेको छैन । कपिलबस्तुको विजयनगर, रोल्पाको गंगादेव, रूकुमको भुमे, दाङको राजापुर गाउँपालिकामा टेलिसेन्टर भने स्थापना गरिएको छ । यसरी प्रदेश सरकारले ल्याएका कतिपय नीतिगत प्रतिवद्धताहरू सोही आर्थिक वर्षमा कार्यान्वयन नहुने तर पछिल्ला वर्षहरूमा भने पुरा भएको देखिन्छ ।

**पूर्वाधार विकासमा मिश्रित प्रगति**

प्रदेशभित्र सुरक्षाका दृष्टिकोणले संवेदनशील मानिएका क्षेत्रमा सिसिटिभि जडान गरी नियमितरूपमा निगरानी गर्ने नीति अवलम्बन गर्ने सरकारी प्रतिवद्धता थियो । त्यसअनुरूप प्रदेश ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयमार्फत प्रदेशका १२ जिल्लाका महत्वपूर्ण र संवेदनशील ५८ स्थानहरूमा १०७ वटा सिसिटिभी क्यामेरा जडान गरिएको छ । सडक सुरक्षालाई सुदृढ बनाइने, प्रादेशिक रणनीतिक सडकहरूलाई स्तरोन्नति गर्दै जाने एवं भैरहवा-बुटवल, नेपालगञ्ज-कोहलपुर र घोराही-तुलसीपुरमा विद्युतीय बस सेवाको लागि संभाव्यता अध्ययन गरिने सरकारको नीति रहेको थियो । त्यसमा मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा सडक दुर्घटनाका कारण र न्यूनीकरण उपाय सम्बन्धमा अध्ययन गरी एक प्रतिवेदन तयार गरिएको प्रदेश सरकारले जनाएको छ । ४१ वटा प्रादेशिक रणनीतिक सडकहरू १७६० किलोमिटर रहेकोमा ती सडकहरूमा स्तरोन्नतिका लागि लेन्थ वर्करहरूको व्यवस्था गरिएको छ जसबाट प्रदेशभित्र ७५० जनाको लागि रोजगारी सिर्जना भएको छ । विद्युतीय बस सेवा सञ्चालनका सम्बन्धमा आथिक वर्ष २०७५/०७६ मा काम हुन सकेन । आर्थिक वर्ष २०७७/०७८ मा मात्रै प्रदेश पुर्वाधार विकास प्राधिकरणमार्फत भैरहवा-बुटवल र घोराही-तुलसीपुरमा विद्युतीय बस सेवा सञ्चालनको सम्भाव्यता अध्ययन थालनी गर्न खोजिएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत ध्रुव मजगैंयाले बताए ।

निर्माणका काम समयअगावै सम्पन्न गर्ने निर्माण व्यवसायीहरूलाई सामाजिक सम्मान र पुरस्कृत गर्ने नीति २०७६/०७७ मा मात्रै कार्यान्वयन भएको देखिन्छ । एक खानेपानी

योजना निर्माणमा काम गर्ने सगुन कन्ट्रक्सन नामक रूपन्देहीको निर्माण व्यवसायीलाई सम्मान गरिएको थियो । तर, समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीहरूलाई भविष्यमा यो प्रदेशको कुनै पनि निर्माण तथा सरकारी कार्यमा संलग्न नगराइने नीति लिएकोमा त्यस्तो नीति कार्यान्वयन भएको देखिदैन । नियमअनुसार हर्जना तिराएर काम सम्पन्न गर्न लगाउने गरिएको प्रदेश सरकारले जनाएको छ ।

प्रदेशभित्रका जलाधार क्षेत्रहरूको पहिचान गरी गुरूयोजना बनाएर वहुउदेश्यीय उच्च बाँधहरूलाई प्राथमिकता दिदै जलस्रोतका अन्य आयोजनाहरूको संभाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा लगिने र आगामी आर्थिक वर्षभित्र कालीगण्डकी, राप्ती, तिनाउ, माडी र बबई डाइभर्सन परियोजनाको संभाव्यता अध्ययन पूरा गरिने सरकारी नीति रहेको थियो । तर, प्रदेशभित्रका जलाधार क्षेत्रहरूको पहिचान गरी गुरूयोजना निर्माणको कार्य आर्थिक वर्ष २०७७/०७८ मा मात्रै थालनी भएको छ । राप्ती, तिनाउ र बबई जलाधार क्षेत्रको गुरूयोजना निर्माण प्रक्रिया अगाडि बढेको प्रदेश सरकारको दावी छ ।

प्रदेशको उपयुक्त स्थानहरूमा खानेपानी, सिंचाई, उर्जा र पर्यटन विकासको लागि वहुउपयोगी ठूला तथा मझौला जलासयहरू निर्माण गर्दै लाने र दाङ जिल्लास्थित कोइलावासको खानेपानी समस्या समाधान गरिने सरकारको नीति रहेको थियो । प्रदेश सरकारले खानेपानी, सिंचाई, उर्जा र पर्यटन विकासको लागि वहुउपयोगी ठूला तथा मझौला जलासयहरू निर्माण नीति लिएअनुसार आर्थिक वर्ष २०७५/०७६ मा यो काम हुन सकेन । तर, आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकारले घोराही उपमहानगरपालिकासँग सहकार्य गरेर उपमहानगरभित्र ३ वटा पोखरीहरू संरक्षण गरेको देखिन्छ । त्यस्तै कपिलबस्तुको सखुनिया तालको संरक्षण पनि थालेको देखिन्छ । गुल्मीको पर्यटकीय स्थल कङके देउरालीमा बहुउद्देश्यीय ताल निर्माण गर्नका लागि आर्थिक वर्ष २०७७/०७८ मा सम्भाव्यता अध्ययन थालिएको छ ।

दाङ जिल्लाको कोइलावास वोरिङ प्रविधिको खानेपानी योजना सञ्चालन गरेर खानेपानी समस्या समाधान गरिएको छ । त्यसो त प्रदेश सरकारले एक घर एक धाराको नीतिअनुरूप सबै घर परिवारमा शुद्ध खानेपानी उपलब्ध गराइने नीति लिएकोमा आर्थिक वर्ष २०७५/०७६ मा ९०.६ प्रतिशत जनसंख्यामा आधारभूत स्तरको खानेपानी सुविधा पुगेको देखिन्छ । एक घर एक धारा तीन वर्षमा पुरा गर्ने लक्ष्य लिएको हो तर त्यो सम्भव देखिएन, ९२ प्रतिशत घरधुरीमा मात्रै यस्तो सुविधा पुग्न लागेको छ । शत प्रतिशत बनाउन संघ र प्रदेशले सञ्चालन गरेका योजनाहरूमा स्रोत सुनिश्चिता नभएकाले अप्ठयारो देखिएको हो । खानेपानी योजनाहरूमध्ये ६ सय ८० वटा संघबाट हस्तान्तरण भएका र ६ सय ६६ वटा प्रदेश सरकारका आफ्नै योजनाहरू निर्माण चरणमा रहेका छन् । यी योजनाहरू समयमै सम्पन्न गर्न संघ र प्रदेश दुवै योजनाहरूमा स्रोत अभाव देखिएको हो । यी योजनाहरू सम्पन्न गर्न सकिएको खण्डमा मात्रै एक घर एक धारा लक्ष्य पुरा गर्न सकिने देखिन्छ । बर्षात्को पानी संकलन, स्रोत संरक्षण, भूमिगत ठुला आयोजनाहरू सञ्चालन भएको र भुमिगत खानेपानीका आयोजनाहरू प्रदेश सरकारसँग २ सय ५० वटा रहेको भौतिक पुर्वाधार विकास मन्त्रालयका सिनियर डिभिजन इन्जिनियर ध्रुव धितालले बताए ।

*तालिका नं. ३ : आर्थिक वर्ष २०७५/०७६ मा पुर्वाधार विकासमा लुम्बिनी प्रदेश सरकारको प्रतिवद्धता र कार्यान्वयन अवस्था*

| नीतिगत प्रतिवद्धता | कार्यान्वयनको अवस्था |
|---|---|
| सिसिटिभि जडान गरी नियमितरूपमा निगरानी गर्ने नीति अवलम्बन गरिनेछ । सडक सुरक्षालाई सुदृढ बनाइनेछ । | ● प्रदेशका ५८ स्थानमा १०७ वटा सिसिटिभि क्यामेरा जडान गरिएको ।<br>● मुख्य न्यायाधिवक्ताको संयोजकत्वमा सडक दुर्घटनाका कारण र न्यूनिकरण उपाय सम्बन्धमा अध्ययन गरी एक प्रतिवेदन तयार गरिएको । |
| प्रादेशिक रणनीतिक सडकहरूलाई स्तरोन्नति गर्दै जाने नीति लिइनेछ । भैरहवा-बुटवल, नेपालगञ्ज-कोहलपुर र घोराही-तुलसीपुरमा विद्युतीय बस सेवाको लागि संभाव्यता अध्ययन गरिनेछ । | ● सडकहरूमा स्तरउन्नतिका लागि लेन्थ वर्करहरूको व्यवस्था गरिएको ।<br>● विद्युत बस सेवा सञ्चालनका सम्बन्धमा आथिक वर्ष २०७५/०७६ मा काम हुन सकेन । आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश पूर्वाधार विकास प्राधिकरणमार्फत भैरहवा-बुटवल र घोराही-तुलसीपुरमा विद्युतीय बस सेवा सञ्चालनको सम्भाव्यता अध्ययन थालनी गर्न खोजिएको । |
| प्रदेशभित्रका जलाधार क्षेत्रहरूको पहिचान गरी गुरूयोजना बनाई वहुउदेश्यीय उच्च बाँधहरूलाई प्राथमिकता दिई जलस्रोतका अन्य आयोजनाहरूको संभाव्यता अध्ययन विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा लगिनेछ । आगामी आर्थिक वर्षभित्र कालीगण्डकी राप्ती, तिनाउ, माडी र बबई डाइभर्सन परियोजनाको सम्भाव्यता अध्ययन पुरा गरिनेछ । | ● प्रदेश भित्रका जलाधार क्षेत्रहरूको पहिचान गरी गुरूयोजना निर्माण कार्य आर्थिक वर्ष २०७७/०७८ मा थालनी भएको । राप्ती, तिनाउ र बबई जलाधार क्षेत्रको गुरूयोजना निर्माण प्रक्रिया अगाडि बढेको ।<br>● २०७७/०७८ मा १२ जिल्लाका २ वटा संवेदनसिल जलाधार क्षेत्रको समेत गुरूयोजना निर्माण गर्नका लागि १५ लाखको दरले दुई डिभिजन कार्यालयहरूमा बजेट विनियोजन गरिएको छ । |
| एक घर एक धाराको नीतिअनुरूप प्रदेशको सबै घर परिवारमा शुद्ध खानेपानी उपलब्ध गराइने छ । | ● आर्थिक वर्ष २०७५/०७६ मा ९०.६ प्रतिशत जनसंख्यामा आधारभूत स्तरको खानेपानी सुविधा पुगेको देखिन्छ । आर्थिक वर्ष २०७७/०७८ मा ९७ प्रतिशतमा आधारभूत स्तरको खानेपानी सुविधा पुऱ्याउन सकिने देखिन्छ । |

| नीतिगत प्रतिवद्धता | कार्यान्वयनको अवस्था |
|---|---|
| | • एक घर एक धारा तिन वर्षमा पुरा गर्ने लक्ष्य लिएको हो तर त्यो सम्भव देखिएन, ९२ प्रतिशत घरधुरीमा पुग्न लागेको छ । |
| ऐतिहासिक, सांस्कृतिक, औद्योगिक, शैक्षिक, पर्यटकीय, धार्मिक, एवं मेडिकल सिटीका आधारमा शहरहरूको पहिचान गरी विकास गर्ने नीति लिइनेछ । नेपालगञ्ज-कोहलपुर, घोराही-तुलसीपुर, बुटवल-भैरहवा तथा आसपासका क्षेत्रलाई समेटेर तीन महानगरको स्थापना गरी समग्र प्रदेशको आर्थिक सामाजिक विकासको अगुवाई गर्ने गरी विकास प्राधिकरण स्थापना गरिनेछ । | • प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश पूर्वाधार विकास प्राधिकरण स्थापना गरेर ठुला र प्रदेशका महत्वपूर्ण गौरवका आयोजनाहरू यसै प्राधिकरणमार्फत अगाडि बढाएको छ ।<br>• लुम्बिनी प्रदेश सरकारको राजधानी प्रस्ताव गरिएको स्थान राप्ती उपत्यकामा बनाउने गरी सम्भाव्यता अध्ययन र गुरूयोजना निर्माणको थालनी गरिएको छ ।<br>• प्राधिकरणले आर्थिक वर्ष २०७७/०७८ मा महानगरसम्बन्धी अवधारणालाई सफल बनाउन बुटवल-भैरहवा, कोहपुर-नेपालगञ्ज, घोराही-तुलसीपुर नगरपालिकाहरूको सम्भाव्यता अध्ययन गरेको छ । |
| प्रादेशिक यातायात गुरूयोजना निर्माण गरिनेछ । सोही आधारमा सडक सञ्जाल विस्तार गरिनेछ । | • प्रादेशिक सडक गुरूयोजना निर्माणको काम आधाभन्दा बढी सकिएको तर यातायात गुरूयोजना निर्माणको थालनी भएको छैन । |
| सिद्धबाबा क्षेत्रमा पहिरोका कारण हुने यातायात अवरोधलाई अन्त्य गर्न वैकल्पिक मार्गको पहिचान गरी प्रदेश सरकारले निर्माण कार्य गर्नेछ । | • सिद्धबाबा क्षेत्रमा पहिरो विकल्पको रूपमा झुस्सा-चौकीभञ्जाङ-चरङगे सडक निर्माण प्रदेश सरकारले प्राथमिकतामा राखेर गरिरहेको छ ।<br>• पहिरो जोखिम अन्त्य गर्नका लागि प्रदेश योजना आयोगले माथिल्लो सिद्धबाबा र तल्लो सिद्धबाबा खण्डको पहाडलाई कटान गर्नका लागि विस्तृत सम्भाव्यता अध्ययन गरेको छ । |

निजी क्षेत्रको समेत लगानी प्रोत्साहन गर्दै प्रसारण एवं वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युतको पहुँच सर्वसुलभ बनाइने तथा कालीगण्डकी, नौमुरेजस्ता प्रदेशस्तरका ठूला आयोजनाहरूको निर्माणमा अग्रसरता लिइने र उत्तरगंगा जलासययुक्त आयोजना ४ नम्बर प्रदेशसँगको सहकार्यमा अघि बढाउन पहल गरिने सरकारी नीति भएपनि यसको कार्यान्वयन भएको छैन । प्रदेश सरकारले नौमुरे आयोजनाको कार्यक्रमलाई आर्थिक वर्ष २०७५/०७६ र आर्थिक वर्ष २०७६/०७७ मा दुवै वर्ष आफ्नो नीति तथा कार्यक्रममा राखेको छ । यो कार्यक्रम अर्न्तगत आर्थिक वर्ष २०७६/०७७ मा आयोजनालाई प्रदेश सरकार मातहत रहने गरी प्राप्ति गर्ने, आयोजनाको डिपिआर तयार गर्ने र प्रदेश लगानी कोष समेतको लगानी हुने गरी वित्तिय व्यवस्थापन गर्ने लक्ष्य लिएपनि संघीय सरकारसँग समन्वय गर्न नसकिएकाले यो कार्यक्रम कार्यान्वयन हुन नसकेको प्रदेश योजना आयोगका उपाध्यक्ष प्रा.डा ईश्वर गौतमले बताए । कालीगण्डकी र उत्तरगंगा जलाशययुक्त आयोजना सञ्चालनको कार्यमा पनि प्रगति भएको छैन । उत्तरगंगामा ८०० मेघावाट बिजुली रूकुम पूर्वबाट बाग्लुङमा पानी झारेर निर्माण गर्न नेपाल विद्युत प्राधिकरणले सम्भाव्यता अध्ययन गरेको छ ।

ऐतिहासिक, सांस्कृतिक, औद्योगिक, शैक्षिक, पर्यटकीय, धार्मिक एवं मेडिकल सिटीका आधारमा शहरहरूको पहिचान गरी विकास गर्ने नीति लिएकोमा राजधानी प्रस्ताव गरिएको राप्ती उपत्यकामा बनाउने गरी सम्भाव्यता अध्ययन र गुरूयोजना निर्माणको थालनी भएको छ । नेपालगञ्ज-कोहलपुर, घोराही-तुलसीपुर, बुटवल-भैरहवा तथा आसपासका क्षेत्रलाई समेटेर तीन महानगरको स्थापना गरी समग्र प्रदेशको आर्थिक सामाजिक विकासको अगुवाई गर्ने गरी विकास प्राधिकरण स्थापना गरिने सरकारको नीति रहेकोमा आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश पूर्वाधार विकास प्राधिकरण स्थापना भएको र प्राधिकरणले बुटवल-भैरहवा, कोहलपुर-नेपालगञ्ज, घोराही-तुलसीपुर नगरपालिकाहरूको सम्भाव्यता अध्ययन गरेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत ध्रुव मजगैंयाले बताए ।

प्रादेशिक यातायात गुरूयोजना निर्माण गरी सोही आधारमा सडक सन्जाल विस्तार गरिने सरकारको नीति कार्यान्वयनमा आएको छैन । प्रादेशिक सडक गुरूयोजना निर्माणको काम भइरहेपनि यातायात गुरूयोजना अलि बृहत वा सबै सवारी साधानहरूलाई समेटिने गरी गर्नुपर्ने भएकाले निर्माणको थालनी भएको छैन । पहाडी जिल्लाका सदरमुकाम जोड्ने मार्गहरूलाई दुई लेनको कालोपत्रेस्तरको बनाइने सरकारको नीतिअनुसार त्यस्ता सडकलाई दुई लेन बनाउने कामले गति लिएको देखिन्छ । प्रदेशभित्रको १२ वटै जिल्लाको भौगोलिक तथा सांस्कृतिक पहिचान झल्किने गरी उपयुक्त स्थानमा प्रदेश पार्क निर्माण गरिने सरकारको नीति कार्यान्वयन भएको छैन । तर, प्रदेशका विभिन्न स्थानमा आर्थिक वर्ष २०७६/०७७ को अन्तसम्म ३९ वटा पार्क, उद्यान, बगैंचा निर्माण र विकास गरेको देखिन्छ । बुटवलदेखि देवदह, रामग्राम, लुम्बिनी, कपिलवस्तुसम्म पर्यटन वससेवा सञ्चालन गर्ने प्रदेश सरकारको नीति पनि कार्यान्वयन भएको छैन ।

सिद्धबाबा क्षेत्रमा पहिरोका कारण हुने यातायात अवरोधलाई अन्त्य गर्न वैकल्पिक मार्गको पहिचान गरी प्रदेश सरकारले निर्माण कार्य गर्ने र पहिरोको जोखिम अन्त्य गर्न

डाँडो कटान गरी निर्माणजन्य सामाग्रीको उपयोग गर्ने नीति अवलम्बन गरिने सरकारको नीति हो । यसको लागि प्रदेश सरकारले झुस्सा-चौकीभञ्जाङ-चरङगे सडक निर्माणलाई प्राथमिकतामा राखेर आर्थिक वर्ष २०७५/०७६ मा १० करोड रूपैयाँ विनियोजन गरेको छ । आर्थिक वर्ष २०७५/०७६ देखि निरन्तर यस सडकमा बजेट विनियोजन भई पाल्पा खण्डमा ८.५ किलोमिटर, रूपन्देही खण्डमा १४.५ किलोमिटरमा सडक स्तरोन्नति गर्ने काम भएको छ भने ५ वटा कल्भर्टहरू निर्माण भएका छन् । त्यस्तै, त्रिशुलेखोलामा पक्की पुल निर्माण भइरहेको छ । पहिरो जोखिम अन्त्य गर्नका लागि प्रदेश योजना आयोगले माथिल्लो सिद्धबाबा र तल्लो सिद्धबाबा खण्डको पहाडलाई कटान गर्नका लागि विस्तृत सभाव्यता अध्ययन पनि गरेको छ । प्रदेश सरकारले आफु मातहत सञ्चालन गर्न सकिने आधारहरूको खोजी र ढुङ्गा बिक्री गर्न संघीय सरकारसँग समन्वय गर्ने र कानुनी रूपमा रहेका अप्ठयाराहरूको बारेमा छलफल गरिरहेको लुम्बिनी प्रदेश भौतिक पुर्वाधार मन्त्रालयले जनाएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा बढीमा दशवटा प्रादेशिक गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्दै लगिने, द्रुतगतिमा विशेष महत्वका पूर्वाधार विकास गर्न अधिकारसम्पन्न पूर्वाधार विकास प्राधिकरण स्थापना गरिने सरकारको नीतिअनुसार प्रदेश गौरवका १० आयोजना छनौट भएका छन् । लुम्बिनी प्रादेशिक अस्पतालको डिपिआर तयार भएको छ भने वातावरणीय प्रभाव मुल्याङ्कनको कार्य अगाडि बढेको छ । संघीय सरकारसँग समन्वय एवम् कानूनी व्यवस्था गरी प्रदेश सञ्चय तथा लगानी कोषको स्थापनासम्बन्धी संभाव्यता अध्ययन गरिने सरकारको नीति कार्यान्वयन भएको छैन । आवश्यक कानूनी व्यवस्थासहित सार्वजनिक-निजी साझेदारीमा एकीकृत श्रमिक आपूर्ति केन्द्र सञ्चालन गरिने भनिए अनुसार आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश रोजगार पोर्टल सञ्चालन गरिएको छ । त्यसलाई व्यवस्थित गरी रोजगारदाता र रोजगारी आवश्यक पर्नेबीच समन्वय गर्ने उदेश्य राखिएको छ ।

प्रदेश योजना आयोग अन्तर्गत प्रदेश परियोजना बैंक स्थापना गरिने सरकारको नीति भएअनुसार १० वटा परियोजनाको पूर्व सम्भाव्यता अध्ययन भएको छ । अध्ययन सम्पन्न भएका परियोजनाहरूको प्रतिवेदनलाई परियोजना बैंक नम्बर प्रदान गरी परियोजना बैंकको रूपमा प्रदेश योजना आयोगमा राखिएको छ । २० वटा परियोजनाको पूर्व सम्भाव्यता अध्ययन गर्ने तयारी भएकोमा कर्मचारीको अभाव र कोरोना कहरका कारण १० वटा मात्रै परियोजनाको अध्ययन कार्य भएको हो भने थप ५ वटा परियोजनाहरू अध्ययनकै क्रममा छन् ।

बहुउद्देश्यीय नौमुरे परियोजनालाई संघीय सरकारसँगको सहकार्यमा प्रादेशिक गौरवको आयोजनाको रुपमा कार्यान्वयन गर्ने गरी कार्य अगाडि बढाइने सरकारको नीति हो । नौमुरे परियोजना प्रदेश सरकारले निकै महत्व राख्ने योजना हो जसको अर्घाखाँची र प्यूठान जिल्लामा सिंचाइ र जलविद्युत उत्पादन गर्ने हिसाबले ठुलो सम्भावना रहेको छ । तर, यो परियोजना संघीय सरकारसँग समन्वय गरेर वा संघीय सरकारको कार्यक्षेत्रभित्रको परियोजना भएकाले संघीय सरकारलाई परियोजना अगाडि बढाउने बिषयमा अनुरोध गरिएको छ भने अन्य प्रगति हुन सकेको छैन । प्रदेश जलस्रोत ऐन तर्जुमा गर्नुका साथै विद्युत् नियमन एकाईको स्थापना गरिने, विद्युत् उत्पादन, खरिद बिक्री तथा वितरणका लागि नेपाल विद्युत्

प्राधिकरणसँग समन्वय गरी प्रदेश सरकार मातहत आवश्यक संयन्त्र विकास गर्ने सरकारी नीति भएपनि यसको कार्यान्वयन भएको देखिदैन ।

प्रदेश सरकारले तीन वर्षभित्र सबै जनतालाई आधारभूत खानेपानी र विद्युत् पुऱ्याउने अठोट लिएको र उक्त लक्ष्य हासिल गर्न स्थानीय तहसँगको सहकार्यमा खानेपानी संकल्प कार्ययोजना एवम् विद्युत् संकल्प कार्ययोजना तयार गरी कार्यान्वयन गरिने जनाएको थियो । त्यसअनुसार खानेपानीका योजना निर्माण चरणमा छन् । प्रदेश सरकारले तीन आर्थिक वर्ष २०७६/०७७ मा थप १७ हजार ३ सय ३२ घरधुरीमा खानेपानी सेवा विस्तार गरेको छ । आधारभूत तहको खानेपानी आर्थिक वर्ष २०७७/०७८ को अन्तसम्म ९७ प्रतिशत घरपरीवारमा पुऱ्याउने लक्ष्य छ । चालु रहेका र नयाँ खानेपानी योजनाहरू सञ्चालन गर्न बजेट अभावका कारण एक घर एक धाराको लक्ष्य पुरा नहुने देखिएको छ । त्यस्तै, विद्युत विस्तारको योजना अर्न्तगत काठका बिजुलीका पोलहरू विस्थापित गर्ने, विद्युतको पहुँच नै नपुगेका स्थानहरूमा सोलार बत्तीमा अनुदान दिने काम भएको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ मा निर्णय गरेर प्रदेश उर्जा कार्यालय दाङको लमहीमा स्थापना गरिएको छ । विद्युत विस्तार तथा उर्जासम्बन्धी काम यस कार्यालयले गरिरहेको छ । सौर्य उर्जा प्रणाली अर्न्तगत मागहरू संकलन गरिएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा सञ्चालित योजनाहरूबाट ६ हजार ८ सय ९९ घरधुरीमा खानेपानी सुविधा पुऱ्याएकोमा आर्थिक वर्ष २०७६/०७७ मा १७ हजार ३ सय ३२ घर घुरीमा खानेपानी सुविधा विस्तार गरिएको छ । एक आर्थिक वर्षमा १० हजार ४ सय ३३ थप घरघुरीमा खानेपानी सुविधा विस्तार भएको छ । आर्थिक वर्ष २०७५/०७६ मा एक घर एक धारा तीन वर्षमा पूरा गर्ने लक्ष्य लिएको हो जुन सम्भव देखिएन । खानेपानी योजनाहरूको अवस्था हेर्दा संघबाट हस्तान्तरण भएका ६ सय ८० र प्रदेश सरकारका ६ सय ६६ योजनाहरू सञ्चालनमा छन् । तर, योजनाहरू समयमै सम्पन्न गर्ने संघ र प्रदेश दुवै योजनाहरूमा स्रोत अभाव देखिएको छ । यातायाततर्फ प्रदेश सार्वजनिक यातायात प्राधिकरण अझै स्थापना भएको छैन भने विद्युतीय बस सेवा पनि सञ्चालनमा आएको छैन । प्रदेश यातायात व्यवस्थापन गुरूयोजना निर्माणको चरणमा रहेको छ ।

बाँके जिल्लामा तयार गर्न लागिएको मानसरोवरको आकृतिसहितको बहुउद्देश्यीय पार्क आगामी ३ वर्षभित्र निर्माण सम्पन्न गरिने नीतिअनुसार ५० प्रतिशत काम सम्पन्न भएको छ । बुद्ध सर्किटमा तीव्रताका साथ भौतिक तथा अन्य पूर्वाधार विकास गरिने नीतिअर्न्तगत कपिलवस्तुको गोटिहवामा ऋकुच्छन्द बुद्ध र निग्लिहवामा कनकमुनी बुद्धको प्रतिमा बनाउने कार्यको सम्झौता भई बगैंचा निर्माण तथा बुद्धको प्रतिमा (मूर्ति) निर्माण कार्य भइरहेको छ । स्वर्गद्वारीमा केवुलकार निर्माण गर्ने सरकारी नीतिको कार्यान्वयनमा भने खासै प्रगति भएको छैन । मस्यौदा भइरहेको प्रदेश यातायात गुरूयोजना २०७६/०७७ मा तयारी गरी लागू गरिने भनेपनि यसले अन्तिम रूप लिएको छैन । सडकको मापदण्ड निर्धारण गरी प्रदेशका रणनैतिक महत्वका सडक, स्थानीय तह पहुँच मार्ग, प्रदेशका प्रमुख राजमार्ग, प्रदेशस्तरका सडक गरी सडक क्षेत्रलाई विभाजन गरी कम्तीमा ग्रामीण क्षेत्रमा १० कि.मि.

र शहरी क्षेत्रमा ५ किमीभन्दा लामो र यातायात गुरूयोजनामा परेका सडक निर्माणमा जोड दिइने सरकारको नीतिअनुसार प्रदेशस्तरीय १ सय १६ वटा आयोजना सञ्चालन भएको र ७५.५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।

यस वर्ष ट्र्याक खोलिएको सिद्धबाबा क्षेत्रको वाईपास सडकको रूपमा रहेको बुटवल धागो कारखाना चरङ्गे झुम्सा सडकमा पूलपुलेसाको निर्माण र कालोपत्रे गरिने नीति सरकारले अघि सारेको छ जुन आर्थिक वर्ष २०७५/०७६ मा पनि रहेको थियो । सिद्धबाबा क्षेत्रमा पहिरोको जोखिम रहेकाले विकल्पको रूपमा झुस्सा–चौकीभञ्जाङ–चरङगे सडक निर्माण प्रदेश सरकारले प्राथमिकतामा राखेर अगाडि बढाएको छ । पहिरो जोखिम अन्त्य गर्नका लागि प्रदेश योजना आयोगले माथिल्लो सिद्धबाबा र तल्लो सिद्धबाबा खण्डको पहाडलाई कटान गर्नका लागि विस्तृत सभाव्यता अध्ययन गरेको छ । प्रदेश सरकारले आफु मातहत सञ्चालन गर्न सकिने आधारहरूको खोजी र ढुङ्गा विक्री गर्न संघीय सरकारसंग समन्वय गर्ने र कानुनी रूपमा रहेका अप्ठयाराहरूको बारेमा छलफल गरिरहेको र ढुङ्गा विक्रीबाट योजना सम्पन्न हुन सक्ने महत्वकाङ्क्षी योजना सञ्चालनमा प्रदेश सरकार रहेको सरकारी अधिकारीहरूले जनाएका छन् ।

**फोहोरमैला व्यवस्थापन**

फोहरलाई मोहरमा बदल्ने भन्दै आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश सरकारले शहरी फोहोर व्यवस्थापनबाट आय आर्जन गर्न नगरपालिकालाई सहयोग गर्ने र सार्वजानिक नीजि साझेदारीमा फोहोर व्यवस्थापन तथा प्रशोधन कारखानाहरू स्थापना गर्ने नीति ल्याएको हो । तर, यो नीति कार्यान्वयनमा आएको छैन ।

आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्यमा नमुनाको रूपमा प्रत्येक जिल्लाको एक स्थानमा फोहोरमैला प्रशोधन केन्द्र निर्माणको सम्भाव्यता अध्ययन गरिने नीति ल्याएको थियो । फोहरमैला प्रशोधन केन्द्र निर्माणको कार्य आर्थिक वर्ष २०७६/०७७ मा हुन सकेन । तर, रूपन्देहीको सैनामैना नगरपालिकामा फोहरमैला प्रशोधन केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन आर्थिक वर्ष २०७७/०७८ मा भएको उद्योग मन्त्रालयका वातावरणीय निरिक्षक निर्मल चौधरीले बताए ।

**कृषिमा आधुनिकीकरणको खोजी**

समग्र कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणका माध्यमबाट उत्पादकत्व बृद्धि गरी प्रदेशलाई कृषि उत्पादन निर्यात गर्न सक्ने अवस्थामा पुऱ्याउन जलवायु अनुकुल नमुना कृषि कार्यक्रम सञ्चालन गरिने प्रदेश सरकारको नीति हो । कृषि क्षेत्रको समग्र विकास गरी प्रदेशलाई आत्मनिर्भर आयतलाई प्रतिस्थापन गर्ने लक्ष्यसहित स्मार्ट कृषि गाउँ कार्यक्रमलाई गौरवको आयोजनाको रूपमा लिई ५२ वटा गाउँहरूमा एकीकृत मोडलसहितको स्मार्ट कृषि कार्यक्रम सुरू गरिएको छ । यसबाट आधुनिक प्रविधि यान्त्रिकरण बजार विकासका अभ्यासहरू अवलम्बन भई व्यवसायिक उत्पादनका लागि आधार तयार भएको प्रदेश सरकारको भनाई छ ।

आवश्यक प्राविधिक जनशक्ति, उन्नत बीउविजन आदिमा किसानको पहुँच बढाउँदै लैजाने र कृषिजन्य उत्पादन एवं व्यापारलाई प्रतिस्पर्धी बनाई समग्र कृषि प्रणालीलाई

आधुनिकीकरण र व्यवसायीकरण गरिने सरकारको नीतिअनुरूप प्रदेशभित्रको उत्पादनलाई बजारसम्म पहुँच तथा उत्पादक र उपभोक्ताविचको मूल्य कम गर्ने उद्देश्यले आर्थिक वर्ष २०७५/०७६ मा ४३ वटा बजार निर्माण तथा सुधार र ६ वटा जिल्ला विशेष सहकारी बजार स्थापना गरी संञ्चालनमा ल्याइयो । ३ वटा व्यवसायिक फर्महरूलाई साइलेज प्याकेजिङ् तथा प्रशोधन उपकरणमा सहयोग गरिएको छ भने २८ वटा व्यवसायिक फर्महरूलाई ५० हजार लिटर दुग्ध संकलन क्षमताका चिलिङ् भ्याट अनुदानमा सहयोग गरिएको छ जसबाट मिल्क होलिडे न्यूनीकरणमा सहयोग पुगेको प्रदेश सरकारको भनाई छ ।

एक गाउँ एक उत्पादन र समुहमा आधारित कृषि व्यवसायलाई प्रोत्साहन गरिने र एक पालिका एक शीत भण्डार निर्माण गर्दै जाने सरकारको नीतिमा पनि केही काम अघि बढेका छन् । स्थानीय सरकारले एक गाउँ एक उत्पादनका कार्यक्रम सञ्चालन गरेका छन् । प्रदेश सरकारले स्थानीय सरकारसँग समन्वयमा १२ जिल्लाका ७८ स्थानमा ५७ वटा कृषि, ४४ वटा पशुपंक्षी फर्म सुधार कार्यक्रम शुरू गरिएको छ । जसमा तरकारी खेति, संकलन केन्द्र निर्माण, माछा पालन, गाईभैंसी, बाख्रा, वंगुर र पाडा पालन, पशु स्रोत केन्द्र स्थापना र डेरि पसल रहेका छन् । कृषिजन्य वस्तुको भण्डारण, मुल्य र बजारीकरणको हालको समस्यालाई दीर्घकालीन समाधान गर्ने गरी करिब १५ हजार मेट्रिक टन क्षमताका ३५ वटा शित भण्डार निर्माण कार्य अघि बढेको छ । शित भण्डार निर्माण कार्य थालनी भएपनि प्राविधिक जनशक्ति र शित भण्डारसम्बन्धी विज्ञको अभावले सोचेजस्तो प्रगति गर्न नसकेको मन्त्रालयले जनाएको छ । प्रदेशस्तरीय कृषि अनुसन्धान केन्द्र स्थापना गरिने नीति कार्यान्वयन भएको छैन । अर्गानिक उत्पादनको ट्रेडमार्कसम्बन्धी कानुनी व्यवस्था मिलाइने सरकारको नीति भएपनि यो संघीय सरकार अर्न्तगत नै भएकाले कार्यान्वयनमा आएको छैन ।

भूमि वैंक स्थापना गरी जग्गा बाँझो राख्ने प्रवृतिलाई रोक्ने र भूमिहीन कृषकहरूलाई खेति गर्न करारमा जमीन उपलब्ध गराउन शुरू गरिने सरकारको नीति कार्यान्वयन भएको देखिदैन । किनकि, अहिलेसम्म भूमि बैंकको स्थापना नै भएको छैन । यद्यपि, भूमिहिन किसानका लागि करार खेती कार्यक्रममार्फत केरा, धान, तरकारी खेती र माछा पालनका लागि ३८९ हेक्टर क्षेत्रफल समेटिने गरी करिब १ करोड ८६ लाख बराबरको कार्यक्रम सञ्चालन गरिएको र त्यसबाट १ सय ६ जना लाभग्राही भएको प्रदेश सरकारको भनाई छ ।

आर्थिक वर्ष २०७५/०७६ देखि प्रदेश स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गरी खेतियोग्य जमिनलाई सिंचाई, सडक, विद्युत र सञ्चारले जोडेर तथा कृषकहरूलाई सीप, पुँजी, औजार र सामाग्रीले सुसज्जित बनाइने नीति सरकारले राखेको हो । सरकारले त्यसै वर्षदेखि प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा दुईवटा हुने गरी ५२ स्थानमा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

भू-सुचना प्रणालीलाई व्यवस्थित गर्न प्रदेशस्तरमा भू-अभिलेख केन्द्रको स्थापना गरिने तथा भूमिको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यवस्था मिलाइने नीति खासै कार्यान्वयनमा

आएको देखिदैन । भूमि नक्सालाई डिजिटल बनाउने प्रक्रियामा नै रहेको छ । भू–अभिलेख केन्द्रको स्थापना तथा भूमिको वैज्ञानिक र आधुनिक लगत राख्ने व्यवस्था भएको छैन । भू–अभिलेख संघीय सरकारकै अधिकार क्षेत्रभित्र रहेकाले पनि अलमल भएको हो ।

आर्थिक वर्ष २०७६/०७७ मा कृषिको यान्त्रिकीरणका लागि कृषि उपकरण खरिद गर्न सरल कर्जाको व्यवस्थाका लागि वित्तीय संस्थासँग सहकार्य गर्दै लागतमा निश्चित प्रतिशत नगद अनुदान उपलब्ध गराउने नीति सरकारले लिएको हो । यो नीति कार्यान्वयनका लागि सरकारले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको ब्लक पकेट तथा स्मार्ट कृषि गाउँ कार्यक्रमबाट विभिन्न कृषि यन्त्रहरू वितरण गरेको छ भने सुलभकर्जा सहजीकरण कार्यक्रमको शुरूवात गरी आर्थिक वर्ष २०७६/०७७ बाट कृषकहरूलाई सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । त्यस्तै, प्रदेशका कृषकहरूलाई सहुलियत दरमा सिंचाई तथा अन्य यन्त्रहरू सहुलियत दरमा उपलब्ध गराउने हिसाबले निजी क्षेत्रको सहकार्यमा नवलपरासीमा एक कृषियन्त्र उद्योग स्थापना गरिएको छ ।

कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा, आत्मनिर्भरता र निर्यात प्रवर्द्धनका लागि सिंचित क्षेत्र बिस्तार, माटो, मल र बालीहरूको संरक्षण, गुणस्तरीय बीउको उत्पादन तथा प्रयोग र सामूहिक वा सहकारीका माध्यमबाट जग्गा चक्लावन्दी गरी व्यावसायिक खेति गर्नका लागि प्रोत्साहन गरिने र नवीनतम प्रविधिमा आधारित साना सिंचाइ कार्यक्रम लागु गरिने नीति सरकारले लिएको हो । यो नीति कार्यान्वयनका लागि बाली संरक्षण प्रयोगशाला, बिउ बिजन प्रयोगशाला तथा माटो तथा मल परीक्षण प्रयोगशालाहरू स्थापना तथा स्तरोन्नति गरी विशेषज्ञ सेवा प्रदान गरिएको छ । त्यस्तै, प्रधानमन्त्री कृषि कार्यक्रममार्फत थप ६० विगाहामा सिंचाई विस्तार हुने गरी सिंचाई उपकरण वितरण गरिएको छ भने स्थानीय तहसँगको सहकार्यमा २ सय २४ हेक्टरका लागि करार खेति कार्यक्रम सञ्चालन गरिएको छ । यसका साथै १ करोड ३४ लाख बराबरको जग्गा भाडाबापतको अनुदान रकम पनि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले भुक्तानी गरेको पाइन्छ ।

टिस्यू कल्चर प्लान्टको स्थापना तथा सुदृढीकरण गरिने र यसको सञ्चालनमा निजी तथा सहकारीलाई प्रोत्साहन गरिने सरकारको नीति भएअनुसार त्यसका लागि दाङको घोराही उपमहानगरपालिकामा जग्गा प्राप्ति भएको र आर्थिक वर्ष २०७७/०७८ मा निर्माण कार्य थालनी गरिने भएको छ । डिपिआर अन्तिम चरणमा पुगेको छ । नागरिकको खाद्य सुरक्षाको हकलाई सम्बोधन गर्न खाद्य भण्डारण स्थल र बीउ बिजनको संरक्षणका लागि आवश्यक बीउ भण्डारण गृह स्थापनामा सहयोग गरिने सरकारको नीति हो । प्रदेशभित्र शित भण्डार स्थापना गर्न ७ वटा आयोजनाहरू छनौट भएका छन् जसको निर्माण भएपछि ५५२ मेट्रिक टन कृषि बस्तुहरूको भण्डारण गर्न सकिने छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अर्न्तगत खाद्यान्न भण्डारणका लागि रूकुम र रोल्पामा समिति गठन भएको छ ।

कृषि क्षेत्रको औद्योगिकीकरणका लागि बाली, वस्तु तथा क्षेत्र विशेष मूल्य श्रृङखलामा आधारित प्रशोधन केन्द्र तथा उद्योग स्थापना र सञ्चालन गर्न आवश्यक सहयोग पुर्‍याउने

नीति लिइने पनि सरकारको प्रतिवद्धता थियो । आर्थिक वर्ष २०७५/०७६ मा स्थापना भएका संकलन केन्द्रलाई व्यवस्थित सञ्चालनको लागि तालिम दिइएको छ भने च्याउ खेतिको विस्तार तथा प्रवर्द्धनका लागि एक च्याउ कृषक समूहलाई सहयोग गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पकेट, ब्लक, जोन, सुपरजोन कार्यक्रमबाट स्थापना तथा सञ्चालन भएका छन् । कृषिकर्मी रोजगार कार्यक्रम सञ्चालन र कृषि उपज संकलन केन्द्रहरू निर्माणमा किसानलाई सहयोग पुऱ्याइने सरकारको नीतिअनुसार कृषिकर्मी रोजगारी कार्यक्रमको कार्यविधि स्वीकृत भएको छ । प्रदेशभित्र कृषिउपज संकलन केन्द्रहरू निर्माण भइरहेका छन् । आर्थिक वर्ष २०७७/०७८ सम्म १९ वटा निर्माणको चरणमा रहेका छन् ।

प्रत्येक स्थानीय तहमा एक कृषि तथा पशुपंक्षी प्रयोगशाला स्थापनाको नीति लिएकोमा कृषि पशुपंक्षी प्रयोगशाला स्थापनाका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्थानीय तहहरूको सशर्त अनुदान अन्तर्गत बजेट पठाएको देखिन्छ । भौगोलिक विशेषताअनुरूप फलफूल तथा पुष्प व्यवसायको उत्पादन र बजारीकरण प्रवर्द्धन गरिने र तराईका जिल्लामा आँप, मेवा, अनार र केरा तथा पहाड र हिमाली जिल्लामा सुन्तला र स्याउको व्यवसायिक उत्पादन गर्न प्रोत्साहन गरिने पनि सरकारको नीति छ । फलफुल रोपण कार्यक्रमलाई अभियानकै रूपमा अगाडि बढाउदै करिब २६०० रोपनीमा क्षेत्रफल विस्तार गरिएको छ जसबाट ३५०० घरपरीवार लाभन्वित हुने गरी कार्यक्रम सञ्चालन गरिएको थियो ।

धान, गहुँ मकै लगायत प्रमुख बालीहरूको न्यूनतम आधारमूल्य तोकी सम्बन्धित निकायसँग सहकार्य गरी कृषि उत्पादन खरीदको सुनिश्चितता गर्ने र प्राकृतिक प्रकोप लगायत अन्य कारणबाट हुने बालीनालीको क्षतिपूर्तिका लागि कृषि बिमा कार्यक्रम सञ्चालन गरिने नीति सरकारले ल्याएको हो । नीतिको कार्यान्वयनका लागि संघीय सरकारले तोकेको न्यूनतम मूल्यअनुसार खाद्य संस्थान र कम्पनीहरूसँग समन्वय थालिएको छ भने कृषि बिमा कार्यको ठोस प्रगति भइसकेको छैन । उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि दुग्ध उत्पादनमा ९ जिल्ला, मासु उत्पादनमा १० जिल्लामा कार्यक्रम गरिएको छ जसअनुसार ३१ दुग्ध सहकारी र १९ खसीबोका कारोबार गर्ने सहकारीले यो कार्यक्रम सञ्चालन गरेका थिए ।

आर्थिक वर्ष २०७५/०७६ देखि प्रत्येक निर्वाचन क्षेत्रमा सञ्चालित प्रदेश स्मार्ट कृषि गाउँ कार्यक्रमलाई बिस्तार गर्दै प्रत्येक पालिकास्तरसम्म पुऱ्याउने नीति सरकारले लिएको हो । आर्थिक वर्ष २०७५/०७६ मा एक प्रदेश निर्वाचन क्षेत्रमा कम्तीमा दुईवटा स्मार्ट कृषि कार्यक्रम हुने गरी ५२ स्थानमा कार्यक्रम लागु गरिएको थियो भने आर्थिक वर्ष २०७६/०७७ मा थप २३ वटा स्मार्ट कृषि गाउँ छनौट गरेर कार्यक्रम गरिएको छ । आर्थिक वर्ष २०७७/०७८ मा एक स्थानीय तह एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहहरूमा बजेट पठाइएको छ ।

प्राविधिक, आर्थिक र वातावरणीय पक्षबाट सम्भाव्य साना, मझौला सतह सिंचाइ आयोजना प्राथमिकीकरण गरी कार्यान्वयन गरिने र सम्भाव्य स्थानमा भूमिगत जलश्रोतमा आधारित स्यालो र डीप ट्यूवेल आयोजना प्राथमिकताका आधारमा कार्यान्वयन गरिने सरकारको नीति थियो । यसअनुसार मझौला सिंचाइ आयोजना अन्तर्गत ५६ वटा योजना निर्माण चरणमा

रहेको र १९ वटा योजना सम्पन्न भएको सिंचाई तथा उर्जा महाशाखा प्रमुख ध्रुवराज पौडेलले बताए । त्यस्तै, भौतिक पूर्वाधार विकास मन्त्रालयले मझौला तथा वैकल्पिक प्रविधिमा आधारित सघन सिंचाइ कार्यक्रम अन्तर्गत ७८ वटा योजनाहरू कार्यान्वयनमा रहेको र २४ वटा योजनाहरू सम्पन्न भएको छ भने भूमिगत जलश्रोतमा आधारित स्यालो र डीप ट्यूवेल आयोजना अन्तर्गत ८८ वटा योजनाहरू कार्यान्वयन चरणमा रहेको र ४८ वटा योजनाहरू निर्माण सम्पन्न भएको पौडेलले जानकारी दिए ।

पानीको मूल, पोखरी र तालतलैयाको संरक्षण तथा सुदृढीकरण गरी सिंचाइका लागि उपयोग गरिने र एक गाउँ एक पोखरी कार्यक्रमलाई निरन्तरता दिइने सरकारको नीतिअनुसार आर्थिक वर्ष २०७६/०७७ सम्म १ सय १६ वटा पोखरीहरू निर्माण भएको जसबाट ५२ हजार घनमिटर पानी संचित भई बहुउपयोगमा आएको थियो । आर्थिक वर्ष २०७७/०७८ सम्म १ सय ४८ वटा पोखरीहरू निर्माण भएको छ जसमा ९२ हजार २ सय २० घन मिटर पानी सञ्चित भएको सरकारी अधिकारीहरूको भनाई छ । प्रदेशको सिँचाइ गुरूयोजना तयार गरी सिँचाइ प्रवर्द्धन गरिने एवं स्थानीय स्रोत, साधन, जनशक्ति र प्रविधि सुहाउँदो हुनेगरी बहुउद्देश्यीय जलाशयको कार्यक्रम शुरु गरिने र  पुराना पोखरी र तालको संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने नीति सरकारले ल्याएको थियो । प्रदेशको सिंचाई गुरूयोजना निर्माणको थालनी भएको छैन । जलाशय निर्माण तथा पोखरी संरक्षण कार्यक्रम अन्तर्गत ४ वटा योजनामध्ये ३ वटा निर्माण सम्पन्न गरिएको छ । सिंचाई आयोजना मर्मत सुधार तथा बिस्तार कार्यक्रम अन्तर्गत १ सय ३४ वटा योजनाहरूमध्ये १ सय ३२ वटा योजनाहरू निर्माणको चरणमा रहेका छन् जसमध्ये १ सय २२ वटा योजना निर्माण सम्पन्न भएका छन् । आर्थिक वर्ष २०७६/०७७ मा भुमिगत जल सिंचाइ आयोजना कार्यविधि २०७७, मन्त्रालयले तर्जुमा गरी मन्त्रिपरिषदमा पठाउने तयारी गरेको छ ।

**बस्ती विकासको अवस्था**

आर्थिक वर्ष २०७५/०७६ मा लुम्बिनी प्रदेश सरकारले नीति तथा कार्यक्रममा एकीकृत बस्ती विकासलाई जोड दिने कुरा उल्लेख गरेको थियो । तर, दीर्घकालीन एकीकृत बस्ती विकासको कार्यक्रम भएको छैन । यद्यपि, प्रदेश सरकारले जनता आवास कार्यक्रम अन्तर्गत अशक्त, असहायहरूको लागि आवास निर्माण गरेको छ । आर्थिक वर्ष २०७६/०७७ मा गुल्मीको सत्यवतीमा पहिरोले क्षति पुगेको वस्ती स्थानान्तरणका लागि ७९ घर प्रदेश सरकारले बनाएको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा असुरक्षित बस्तीहरूको स्थानान्तरणदेखि एकीकृत बस्ती निर्माण गर्ने, एकीकृत बस्तीका विकाससम्बन्धी मापदण्ड निर्माण गर्ने, ल्याण्डपुलिङ र प्लटिङका कार्यक्रम सञ्चालनका साथै औद्योगिक क्षेत्र केन्द्रित आवास निर्माणमा निजी क्षेत्रसँग सहकार्य गर्ने, खुला स्थानहरूको संरक्षण र विकास गर्दै कम्तीमा एक वडा एक पार्कको कार्यक्रम लागू गरिने, लिजिङ बोर्डको व्यवस्था तथा लिजिङ कानूनको निर्माण गर्नेजस्ता नीति ल्याएपनि खासै कार्यान्वयनमा आएको छैन । केही स्थानमा सानो तहमा एकीकृत बस्ती तथा शहर निर्माणको कार्य थालनी भएपनि अन्य नीति कार्यान्वयन भएको देखिदैन ।

## औद्योगिक क्षेत्रको विकास

औद्योगिक क्षेत्रको सुरक्षाका लागि संघीय सरकारसँगको समन्वयमा औद्योगिक सुरक्षा बल स्थापना गरिने नीति लुम्बिनी सरकारले अघि सारेको थियो । तर, औद्योगिक सुरक्षा बल स्थापना भएन । त्यस्तै, प्रदेश सरकारले २०७५/०७६ को नीतिमा प्रदेशमा रहेका औद्योगिक क्षेत्रहरूको विकास गरी थप उद्योग सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार बिस्तार गरिने पनि सरकारको नीति रहेको थियो । प्रदेश योजना आयोगका प्रवक्ता डा बिष्णु प्रसाद गौतमका अनुसार आर्थिक वर्ष २०७६/०७७ मा प्रादेशिक औद्योगिक व्यवसायसम्बन्धी ऐन निर्माण गरियो भने दाङमा औद्योगिक कोरिडोरसम्बन्धी सम्भाव्यता अध्ययन गरेर प्रतिवेदन तयार गरिएको हो । आर्थिक वर्ष २०७७/०७८ मा बाँकेको नौवास्ता क्षेत्रमा प्रदेश सरकारले औद्योगिक सडक निर्माणको कार्य शुरू गरेको छ । बाँकेकै नरैनापुर क्षेत्रमा औद्योगिक क्षेत्र निर्माण गर्ने विषयमा प्रारम्भिक छलफल गरेको छ भने मोतिपुर औद्योगिक क्षेत्र प्रदेश सरकार मातहत ल्याउने बिषयमा छलफल अगाडि बढेको प्रदेश योजना आयोगका प्रवक्ता गौतमले बताए ।

घरेलु तथा लघु उद्यमको विकास र विस्तार गरी यो क्षेत्रमा महिलाहरूको संख्या, सक्रियता र सहभागिता बढाई सशक्तीकरण र अर्थोपार्जन बढाउने नीति लिइनेछ । घरेलु तथा लघु उद्यमको विकास प्रदेशका १२ जिल्लामा सञ्चालन भएको थियो जसबाट नयाँ लघु उद्यमी सृजना तथा पुराना उद्योगहरूको स्तरोन्नती भएको छ । ६५२६ जनालाई उद्यमशीलता विकास तालिम र ६३५६ जनालाई विभिन्न सीपमुलक तालिम दिइएको छ । प्रत्येक स्थानीय तहमा न्युनतम एक उद्योगग्राम स्थापना गर्नका लागि संघ र स्थानीय सरकारसँग सहकार्य गरिने प्रादेशिक सरकारको नीतिअनुसार प्युठानबाहेक ११ जिल्लामा एक स्थानीय तह एक उद्योग ग्रामका लागि सम्भाव्यता अध्ययन भई प्रतिवेदन तयार गरिएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अधिकृत गणेश घिमिरेले बताए ।

नेपालगञ्जलाई औद्योगिक राजधानी बनाउने गरी औद्योगिक क्षेत्रको रूपमा विकास गर्ने र भैरहवादेखि परासीसम्म, कपिलवस्तुको चन्द्रौटा-कृष्णनगरलाई औद्योगिक करिडोर र दाङ उपत्यकामा पनि औद्योगिक क्षेत्र निर्माणलाई जोड दिइने कुरा सरकारले नीतिमा ल्याएको थियो । संघिय सरकारको सहयोगमा बर्दिया, दाङ, कपिलबस्तुमा औद्योगिक कोरिडोरका लागि सम्भाव्यता अध्ययन भई प्रतिवेदन तयार भएको छ भने दाङको औद्योगिक ग्राम निर्माणको बजेट सुनिश्चितताको लागि मन्त्रिपरिषद्मा पेश भएको र चन्द्रौटा-कृष्णनगर औद्योगिक कोरिडोर संघीय सरकारले अगाडि बढाएको अवस्था छ ।

आयात प्रतिस्थापन, निर्यात प्रर्वद्धन र तुलनात्मक लाभका उद्योगहरूको प्रादेशिक तहमा सम्भाव्यताको खोजी गरिने कुरा सरकारले शुरूको वर्षदेखि नीतिमा उल्लेख गर्दै आएको छ । आर्थिक वर्ष २०७७/०७८ मा आइपुग्दा चिउरी ध्यू उद्योग स्थापनाका लागि डिपिआर निर्माण भएको छ । प्रदेशमा खनिज पदार्थ तथा वहुमुल्य धातुको अन्वेषण, अध्ययन तथा सर्वेक्षण गरिनेछ भन्ने सरकारको नीतिअनुसार आर्थिक वर्ष २०७६/०७७ मा खनिज पदार्थ तथा बहुमूल्य धातुहरूको अन्वेषण र अध्ययन गरिएको छ । सो क्रममा पाल्पा, प्यूठान,

अर्घाखाँचीलगायत प्रदेशभित्रका अन्य स्थानहरूमा तामाखानी, फलाम खानी, डोलोमाइट, रोडाढुङ्गा लगायतका बस्तुहरू रहेको पत्ता लागेको छ ।

कृषि तथा वन पैदावरमा आधारित उद्योगहरू खोल्न प्रोत्साहन गरिने सरकारको नीतिअनुसार कृषि वनमा आधारित ३ वटा उद्योगहरूलाई १२ लाख १७ हजार ४ सय अनुदान उपलब्ध गराइएको, वन पैदावारमा आधारित ३ वटा उद्योग स्थापना गर्न १५ लाख रूपैयाँ उपलब्ध गराइएको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सहायक वन अधिकृत डिलाराम पौडेलले बताए । स्वदेशी तथा विदेशी लगानीकर्ताहरूलाई उद्योग स्थापनाका लागि लगानीमैत्री वातावरणको सिर्जना गरिनुका साथै विभिन्न विधामा उत्कृष्ट उद्यमीहरूलाई सम्मान गरिने नीति प्रदेश सरकारले अघि सारेको थियो । स्वदेशी तथा विदेशी लगानीकर्तालाई सम्मान कार्यक्रमको सुरूवात भएको देखिन्छ । आर्थिक वर्ष २०७६/०७७ मा अल्लो उत्पादन उद्योगहरूका साथै बुटवल क्षेत्रबाट धेरै कर तिर्ने व्यावसायीलाई सम्मान गरियो भने पाल्पाली ढाका व्यावसाय प्रवर्द्धनका लागि साझेदारी कार्यक्रम गरिएको छ ।

बजारमा विक्रि हुने उपभोग्य सामाग्रीहरूको अनिवार्यरूपमा प्याकेटमै ठुलो अक्षरमा नेपाली भाषामा मुल्य, उत्पादन मिति, उपभोग गर्न सकिने अन्तिम मिति खुलाएर राख्नुपर्ने र खुला सामाग्रीहरूको मुल्य सूचि पसलमै राख्नका लागि स्थानीय तहसँग समन्वय गरिने प्रदेश सरकारको नीति थियो । उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमार्फत नियमित बजार अनुगमन गरिएको एवं अनुगमन र मुल्याङ्कन अन्तर्गत १५ वटा कार्यक्रम भएको उद्योग मन्त्रालयले जनाएको छ । कृषि, वन लगायतका निर्यातजन्य वस्तुहरूको मुल्य अभिवृद्धिका लागि आवश्यक प्रशोधन गरेर मात्र निकासी प्रवर्द्धन गर्ने नीति प्रदेश सरकारले लिएको छ । आर्थिक वर्ष २०७६/०७७ मा पाल्पाको निस्दी र पुर्वखोला गाउँपालिकामा अदुवा प्रशोधन उद्योगको सम्भाव्यता अध्ययन र रोल्पामा हल्दी प्रशोधन केन्द्र भवन निर्माण भएको छ ।

उद्यम विकास कोष स्थापना गरी उद्योगको विकास र विस्तारका लागि घरेलु तथा साना उद्योगहरूमार्फत युवाहरूलाई स्वरोजगारका लागि प्रोत्साहित गर्ने र स्वदेशी कच्चा पदार्थ एवं स्वदेशी श्रम प्रयोग गरी सञ्चालन गरिने उद्योगलाई स्थापनामा सरल कर्जा र निश्चित प्रतिशतसम्म ब्याज अनुदान दिने सरकारको नीति रहेको छ । २०७६/०७७ मा उद्यम विकास कोष नियमावली तयारी भएको छ भने आर्थिक वर्ष २०७७/०७८ मा नेपाल बैंक लिमिटेडसँग सम्झौता गरेर उद्योग स्थापनामा सरल कर्जा र निश्चित प्रतिशतसम्म ब्याज अनुदान दिने कार्य शुरू गरिएको छ ।

उद्योग सञ्चालन गर्न चाहनेहरूले ७.७ प्रतिशत ब्याज दरमा ऋण लिने र तीन वर्षसम्म लिएको ऋणको ब्याज प्रदेश सरकारले तिर्ने समझदारी भएको छ । प्रति उद्योगीले १० लाख रूपैयाँसम्म ऋण लिन सक्ने जसका लागि प्रदेश सरकारले १० करोड रूपैयाँको उद्यम विकास कोष स्थापना गरेको छ । औद्योगिक ग्राम स्थापनाका लागि प्यूठान जिल्लामा प्रारम्भिक सम्भाव्यता अध्ययन सम्पन्न भएको छ । १० जिल्लामा १/१ वटा औद्योगिक ग्रामको डिपिआर

निर्माण भएको छ । उद्योग स्थापनाका लागि लगानीकर्ताहरूलाई प्रोत्साहित गर्ने नीतिअनुसार प्रदेश सरकारले १ अरबभन्दा बढी लगानी गरेको उद्योगहरूसम्म पुग्ने पहुँच मार्गको स्तरउन्नति गरेको छ ।

**अत्यावश्यक सामाग्रीको व्यवस्थापन**

पेट्रोलपम्पहरूको मापदण्डवमोजिम सञ्चालन भए/नभएको विषयमा नियमितरूपमा अनुगमन गरिने सरकारको नीति रहेकोमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमार्फत प्रदेशमा रहेका पेट्रोल पम्पहरूको मापदण्ड अनुगमन र निरीक्षण आर्थिक वर्ष २०७५/०७६ मा २ पटक भएको देखियो । प्रदेशस्तरमा खाद्यान्न, औषधी, पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यक वस्तुको संकटकालीन मौज्दातको विशेष व्यवस्था गर्नका लागि डिपो र गोदाम घरको व्यवस्था गरिने सरकारको नीतिअनुसार रोल्पा र रूकुम पूर्वमा खाद्यान्न गोदामघर राख्ने तयारी भएको देखिन्छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयले जितगढीमा रहेको सरकारी भवन मर्मत सुधार गरी विपद् उद्दार सामाग्री भण्डारण गर्न शुरू गरेको छ ।

**पर्यटन विकासका प्रतिवद्धता धेरै**

पर्यटकीय गन्तब्यका लागि मोनोरेल, क्यानोयिंग, ट्रेकिङ, जैविक विविधता तथा विशेष सांस्कृतिक संग्राहलय, गार्डेन सिटी, हिल स्टेशन, केवलकार आदिको विस्तृत अध्ययन गर्दै क्रमशः कार्यान्वयनमा लगिने र सांस्कृतिक डबलीका रूपमा खुला थियटर निर्माण गर्ने व्यवस्था मिलाइने प्रदेश सरकारको नीति हो । केवलकार सञ्चालनका लागि बुटवल र पाल्पा दोभान नुवाकोटमा नीजि क्षेत्रले अध्ययन थालेको छ । साहसिक पर्यटनसम्बन्धी सम्भाव्यता अध्ययन आर्थिक वर्ष २०७६/०७७ मा गरिएको छ भने प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ मा हिलस्टेशनका रूपमा पाल्पाको श्रीनगर, गुल्मीको रेसुङ्गा, अर्घाखाँचीको नरपानी, रोल्पाको होलेरी र प्यूठानको स्वर्गद्वारीमा गुरूयोजना निर्माण कार्य थालनी गरेको छ । यसका साथै पाल्पाको श्रीनगरमा सांस्कृतिक डबलीका रूपमा खुला थियटर भवन निर्माण कार्य थालिएको छ भने पाल्पाकै नुवाकोटगढी र दाङको घोरदौरामा डिपिआर तयार भएर आर्थिक वर्ष २०७६/०७७ मा निर्माण कार्यको थालनी भएको छ ।

ऐतिहासिक, प्राचीन तथा विभिन्न धार्मिक क्षेत्रहरू, प्राकृतिक तथा मौलिक पहिचान भएका बस्तीहरू जोड्ने गरी पर्यटकीय पदमार्गको अध्ययन गरी विकास गरिने एवं रूरू स्वर्गद्धारी र धारापानी क्षेत्रलाई धार्मिक तथा सांस्कृतिक पर्यटकीय केन्द्रको रूपमा विकास गर्न त्यस क्षेत्रमा क्षेत्र एकीकृत विकास आयोजना अघि बढाइने नीति प्रदेश सरकारले अघि सारेको छ । सरकारको यस नीतिअनुरूप रूपन्देहीको हिलपार्क, मणिमुकुन्द सेन पार्क बुटवल, पाल्पाको दोभानको रामापिथेकस गार्डेन, राजामणी मुकुन्द सेन र कर्णेल उजिर सिंहको पुर्ण कदको मूर्तिसहितको बगैंचा निर्माण, रानीमहलमा इको पार्क निर्माण, नवलपरासीको मदरबाबा पर्यटकीय धार्मिक स्थलको गुरूयोजना निर्माण, रूकुमको तकसेरा पर्यटकीय गन्तव्यको रूपमा विकास, बाह्रकुने दहमा बहुउद्देश्यक पार्क निर्माण, थवाङमा युद्ध स्मारक तथा संग्राहलय निर्माण, रूरू धार्मिक पर्यटकीय क्षेत्र व्यवस्थापनसम्बन्धि विस्तृत अध्ययन जस्ता पर्यटकीय पूर्वाधार निर्माणका कार्यहरू अघि बढेका छन् । पर्यटकीय पदमार्ग अर्न्तगत रूकुम पुर्वमा

६०० मिटर यार्सा पदमार्गका साथै जलजला क्षेत्रमा पदमार्ग निर्माण भएको छ । स्वर्गद्धारी मन्दिर परिसरमा भौतिक पूर्वाधार निर्माण तथा केवलकार सञ्चालनको सम्भाव्यता अध्ययन कार्यक्रम रहेकोमा स्वर्गद्धारीको अधुरो भवन पुरा गरिएको र सार्वजनिक शौचालय एवं पोखरी निर्माण गरिएको पाइन्छ । त्यस्तै, दाङको धारापानी धार्मिक क्षेत्रमा सिढी बनाइएको र ड्याम निर्माण काम भएको देखिन्छ ।

पर्यटन प्रर्वद्धनका लागि बहुउपयोगी अन्तर्राष्ट्रिय खेल मैदान र सम्मेलन केन्द्रको निर्माणको लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिने प्रदेश सरकारको नीति हो । यद्यपि, पर्यटन प्रर्वद्धनका लागि बहुउपयोगी अन्तर्राष्ट्रिय खेल मैदान र सम्मेलन केन्द्रको निर्माण थालनी भएको देखिदैन । प्रदेशमा सार्क स्तरीय अन्तर्राष्ट्रिय रंगशाला निर्माण गर्ने क्रममा दाङको घोराहीमा नेत्रलाल अभागी रंगशाला निर्माणको लागि सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रस्ताव तयार गरेर आर्थिक वर्ष २०७७/०७८ को पुसको पहिलो सातामा वातावरणीय प्रभाव मुल्याङ्कनको काम समेत भएको छ । यसलाई प्रदेशको गौरवको आयोजनाको रूपमा राखिएको छ । बुटवलमा उजिरसिंह रंगशाला निर्माणको सम्भाव्यता अध्ययन भई वातावरणीय प्रभाव मुल्याङ्कनको क्रममा रहेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अधिकृत आलोक कुमार ओझाले बताए ।

रामग्रामदेखि तिलौराकोटसम्मको क्षेत्रलाई बुद्ध सर्किटको रूपमा विकास गर्नका लागि संघीय सरकार, स्थानीय सरकार तथा निजी क्षेत्रसँग समन्वय गरी पर्यटकको बसाई अवधि लम्ब्याउन आकर्षक कार्यक्रमहरू सञ्चालन गरिने प्रादेशिक सरकारको नीति हो । त्यसअनुसार कपिलबस्तुका बुद्धस्थलहरु तिलौराकोट, गोटीहवा, कुदान सिसह नुवाकोट, निगालीकोट जगदिशपुरताल सग्रवासहित बुद्ध सर्किट निर्माणको डिपिआर तयार गरिएको छ । बुद्ध सर्किटको विकासका लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले लुम्बिनी भ्रमण वर्ष घोषणा गरेर विविध कार्यक्रम सञ्चालन पनि गरेको थियो । प्रचारप्रसारका कार्यक्रम, पर्यटक गाईड तालिम, विभिन्न उत्सव, प्रदर्शनी एवं लुम्बिनी क्षेत्रमा सरसफाई अभियान पनि सञ्चालन गरिएको छ जसमा १ करोड ६१ लाख २२ हजार रूपैयाँ खर्च भइसकेको छ ।

रामग्रामदेखी लुम्बिनी हुँदै तिलौराकोटसम्म मोनोरेलको सम्भाव्यता अध्ययन गरिने उल्लेख भएपनि त्यस्तो अध्ययन भएको छैन । पर्यटकीय रूपमा कपिलवस्तुको विकास गर्न प्राचीन कपिलवस्तु विकास आयोजना सञ्चालन गरिने भनिएपनि कार्यान्वयन भएको छैन । तानसेनस्थित तानसेन दरवारलाई यस प्रदेशको समग्र ऐतिहासिकता झल्किने गरी ऐतिहासिक संग्राहलय बनाइने नीतिअनुसार आर्थिक वर्ष २०७५/०७६ बाटै बजेट विनियोजन गरिएको थियो । पुरातत्व विभागसँग प्रभावकारी समन्वय अभावका कारण त्यस वर्ष काम नभए पनि पछिल्ला वर्षहरूमा भने काम शुरू भएको छ ।

दाङ र पाल्पामा सांस्कृतिक डवली र खुल्ला नाट्यघर निर्माणका लागि गुरूयोजना र डिपिआरको तयार आर्थिक वर्ष २०७५/०७६ मै तयार भएको थियो भने हाल निर्माणको चरणमा रहेको छ । त्यस्तै, दाङमा दंगिशरण थारू कल्चरल भिलेज र पार्क निर्माणको लागि प्रदेश सरकारले प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको छ भने दंगिशरणको शालिक निर्माण भएको छ । त्यस्तै, थारू संस्कृतिसहितको संग्राहलय पनि सञ्चालनमा रहेको छ ।

## वन एवम् जडीबुटी व्यवस्थापन

वैज्ञानिक वन व्यवस्थापन कार्यक्रममार्फत आर्थिक वर्ष २०७६/०७७ सम्म ८ वटा साझेदारी वन व्यवस्थापन समूह, २१७ सामुदायिक वन र २ वटा चक्ला वनमा वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन भई काठ उत्पादन र खपत भइरहेको छ । सम्भाव्यता अध्ययन गरेर आर्थिक वर्ष २०७५/०७६ भित्रमा दुईवटा जडीवुटी प्रशोधन केन्द्र स्थापना गरिने सरकारको नीति थियो । तर, आर्थिक वर्ष २०७६/०७७ मा बाँके र दाङमा प्रशोधन केन्द्र स्थापनाका लागि प्रस्ताव आव्हान गरिएकोमा तोकिएको अवधिमा कुनै प्रस्ताव पर्न नसकेकाले कार्यान्वन हुन सकेको छैन । दाङको देउखुरीमा सहकारीसँग समन्वय गरेर जडीबुटी प्रशोधन केन्द्र स्थापनाको पहल भएको छ ।

जगदिशपुर तालमा चरा अवलोकन बहुउद्देश्यीय भवन र टावर निर्माणको काम सञ्चालनमा रहेको छ । जगदिशपुर जलाशय बहुसरोकारवाला मञ्च तथा वाणगंगा सिंचाइ आयोजनाको समन्वयमा पञ्चवर्षिय योजना र डिपिआर पनि तयार भएको छ । त्यस्तै दाङ्, पाल्पा र रूपन्देहीमा पार्क स्थापनाका लागि गुरूयोजना तयार गर्ने, डिपिआर तयार गर्ने कार्य सम्पन्न भएको, गुल्मीको इस्मामा जडिबुटी वाटिका निर्माण भएको छ । आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा दाङस्थित नेपाल संस्कृत विश्वविद्यालयको सहकार्यमा जडीवुटी उद्यान निर्माण गर्ने भनिएपनि कार्यान्वयन भएको छैन ।

प्रादेशिक विज्ञान तथा प्रविधि प्रतिष्ठान गठन गर्ने कार्य आर्थिक वर्ष २०७५/०७६ कै नीतिमा उल्लेख गरिएपनि कार्यान्वयन भएको छैन । प्रतिष्ठान गठन तथा सञ्चालनसम्बन्धी विधेयक निर्माणको चरणमा रहेको देखिन्छ । यद्यपि, नेपालगञ्जको खजुरामा प्रादेशिक विज्ञान तथा प्रविधि प्रतिष्ठानको भवन निर्माणका लागि डिजाइन, इस्टिमेट तयार गरी बहुवर्षीय खरिद योजना स्वीकृत भई भौतिक योजना तथा पूर्वाधार विकास मन्त्रालयमार्फत भवन निर्माणको कार्य सुरू भएको देखिन्छ । प्रतिष्ठानले सिपमुलक तालिमहरू दिने, विज्ञान र प्रविधिको अध्ययन गर्ने, तालिम प्राप्त जनशक्तिलाई अवश्यकताअनुसार थप तालिम दिने लक्ष्य राखेको छ ।

वनको वैज्ञानिक व्यवस्थापन र उपयोगको नीति लिईने सरकारी प्रतिवद्धताको कार्यान्वयनका लागि ८ वटा साझेदारी वन व्यवस्थापन समूह, २ वटा चक्ला वन व्यवस्थापन र १ सय ४६ वटा सामुदायिक वनमा प्रदेश सरकारले वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना लागु गरेर काठ उत्पादनमा वृद्धि गरेको वन मन्त्रालयले जनाएको छ । वैज्ञानिक वन व्यवस्थापनबाट आर्थिक वर्ष २०७६/०७७ मा ९,७९,७१९.०९ घन फिट काठ र २,६१२.९३ चट्टा दाउरा उत्पादन भएको छ । यता नेपाल सरकारको २०७७ जेठ १५ को निर्णयले वैज्ञानिक वन व्यवस्थापन अन्तर्गतका कार्यक्रमहरू रोकिएका छन् । प्रदेश सरकारले प्रादेशिक वन ऐनको मस्यौदा तयार गरेर छलफल गरिरहेको छ ।

प्रत्येक जिल्लामा जडिबुटी तथा सुगन्धित बनस्पतिको पकेट कार्यक्रम सञ्चालन गरिने र जडिबुटी प्रशोधन गरी आयुर्वेदिक एवम् एलोपेथिक औषधि कारखाना स्थापना र प्रादेशिक ब्रान्ड प्रदान गर्ने नीतिगत व्यवस्था गरी उद्योग सञ्चालनका लागि निजी क्षेत्रलाई प्रेरित

गरिने सरकारको नीति हो । उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट जडिबुटी तथा सुगन्धित वनस्पतिको सम्भाव्यता अध्ययन कार्य भएका छन् । जडिबुटी तथा सुगन्धित वनस्पतिको पकेट क्षेत्रका रूपमा दाङ, प्यूठान र रोल्पामा टिमुरको पकेट क्षेत्र तथा अर्घाखाँची र पाल्पामा तेजपातको पकेट क्षेत्र बनाउन विरूवा उत्पादन तथा खेति विस्तारका कार्यहरू सञ्चालन गरिएको छ । आर्थिक वर्ष २०७७/०७८ मा जडिबुटी र सुगन्धित वनस्पतिका ५,०१,५०० विरूवा उत्पादन र ३,७०,०६६ विरूवा रोपण गरिएको छ । डिभिजन वन कार्यालयमार्फत वन अतिक्रमण तथा डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रण क्रियाकलापहरू सञ्चालन गरिएको छ । ६९.७३ हेक्टर अतिक्रमित वन क्षेत्र फिर्ता भएको छ । काष्ठ र गैर काष्ठजन्य विभिन्न प्रजातिका २७,४६,००० विरूवा उत्पादन गरेको, २०,८०,००० विरूवा वितरण र ५३२.४८ हेक्टर जग्गामा वृक्षारोपण गरिएको छ ।

**खेलकुदको विकास**

प्रादेशिक स्तरमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुदको व्यवसायिक विकास गरिने प्रादेशिक सरकारको नीति हो । आर्थिक वर्ष २०७५/०७६ मा १२ वटा कभडहल र खेलमैदान निर्माण तथा मर्मत गरिए । त्यस्तै, प्रदेशभित्र रहेका १२ स्थानका जिल्ला खेलकुद विकास समितिका कार्यालयहरू पनि मर्मत गरिए । प्रदेशभित्र आर्थिक वर्ष २०७६/०७७ सम्म १४ वटा खेलकुद संरचनाहरू निर्माण भएका छन् जसमा ३ वटा इन्डोर र ११ वटा आउटडोर खेल मैदान छन् । प्रदेशस्तरमा खेलकुद परिषद् गठन गरिने भने पनि त्यो कार्यान्वयन भएको छैन । एक पालिका एक खेल मैदान तथा एक पालिका एक पार्क निर्माणमा प्रोत्साहन गरिने नीतिअनुसार खेलमैदान निर्माणका लागि सशर्त अनुदानको रूपमा पालिकाहरूलाई बजेट पठाएको देखिन्छ ।

**मानव/सामाजिक विकासको पाटो**

स्वास्थ्य, औषत आयु, शिक्षा, रोजगार आदिलाई आधार लिई प्रत्येक जिल्लाका मानव विकास सुचांकमा सबैभन्दा पछाडि परेका गाउँपालिकाहरूमध्ये तीनवटा गाउँपालिकामा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम सञ्चालन गरिने नीति प्रदेश सरकारले तय गरेको थियो । त्यसअनुसार लुम्बिनी प्रदेशका १२ जिल्लाका ३५ वटा गाउँपालिकामा यो कार्यक्रम लागू गरियो । शुरूको वर्ष नवलपरासीको सुस्ता, प्रतापपुर र पाल्हीनन्दन, रूपन्देहीको मर्चवारी, समरीमाई र कोटहीमाई, पाल्पाको, निस्दी, माथागढी र रैनादेवी छहरा, गुल्मीको कालीगण्डकी, मालिका र मदाने, अर्घाखाँचीको पाणिनी, मालारानी र छत्रदेव, कपिलवस्तुको विजयनगर, शुद्धोधन र महाराजगञ्ज, दाङको बंगलामुखी, राजापुर र बबई, प्युठानको गौमुखी, नौबहिनी र ऐरावती, रोल्पाको सुन्छहारी, थवाङ र परिवर्तन, पूर्वी रूकुमको पुथा, उत्तरगंगा र भुमे बांकेको नारायणपुर, ढुढवा र जानकीनगरका साथै बर्दियाको बढैयाताल र गेरूवा गाउँपालिका रहेका थिए । ४६ लाख ९० हजार बजेट मुख्यमन्त्री कार्यालयले प्रत्येक गाउँपालिकाको खातामा पठाएको थियो । प्रदेश सरकारले आर्थिक वर्ष २०७६/०७७ मा यो कार्यक्रम प्रदेशका ७३ वटा गाउँपालिकामा बिस्तार गर्‍यो ।

अव्यवस्थित वसोवासी, हलिया, हरूवा, चरूवा तथा मुक्त कमैया लक्षित सीप विकास तालिम एवम् व्यवसाय गर्नका लागि प्राविधिक एवं वित्तीय सहयोग उपलब्ध गराइने नीतिअनुरूप सिमान्तकृत, लोपोन्मुख तथा पिछडिएका वर्गका समुदायका लागि सीप तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्न ६ वटा गैर सरकारी संस्थाहरूमार्फत ९० लाख रकमका कार्यक्रम गरियो । सुकुम्बासी तथा अव्यवस्थित वसोवासको व्यवस्थापनमा प्रदेश सरकारले अग्रसरता लिने उल्लेख भएपनि उनिहरूकै लक्षित कार्यक्रम भने सञ्चालन गरेको छैन । जनता आवास कार्यक्रम अन्तर्गत नवलपरासीको नारायणी पारी सुस्तामा २८० घर निर्माण थालेको छ । बाँकेमा रहेका चिडियामार समुदायको घर निर्माण थालिएको छ ।

असहाय बालवालिकालाई पूनर्स्थापना गर्न बालबालिका संरक्षण केन्द्र खोल्ने एवं द्वन्द्व प्रभावित, हिंसा पिडीत, वेवारिसे तथा अभिभावकविहीन, घरवारविहीन, अशक्त, अपागंता भएका व्यक्तिहरूलाई राहत दिन पूनर्स्थापना गृह निर्माण गर्ने नीति सरकारको हो । आर्थिक वर्ष २०७५/०७६ मा अपाङ्गता भएका व्यक्तिहरूलाई राहत दिन पुर्नस्थापना गृह सञ्चालन गर्ने गरी २ वटा संस्था आशा अपाङ्गता केन्द्र गुल्मी र नेपाल अपाङ्ग संघ दाङलाई १५ लाख दरले अनुदान दिएको पाइयो भने राहत तथा पुनर्स्थापना अल्पकालीन आश्रयस्थल सञ्चालन र स्तरउन्तिका लागि कदम नेपाल र निल सागर असहाय तथा असक्त जेष्ठ नागरिक सेवा केन्द्रलाई ३ लाखको दरले कार्यक्रम सञ्चालन अनुदान दिइएको थियो । त्यस्तै, बहिरा बाल माध्यमिक विद्यालय भैरहवालाई १ वटा बस खरिद गर्न सहयोग गरिएको थियो भने द्वन्द्वकालका घाइतेहरूको स्वास्थ्य परिक्षण र उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पतालसँग सम्झौता गरेर उपचारको व्यवस्था गरिएको छ । घरेलु हिंसा पिडित महिलाहरूका लागि अल्पकालिन आश्रय स्थलहरूसहित बाँके र रूपन्देहीमा आर्थिक वर्ष २०७६/०७७ देखि पुनर्स्थापना केन्द्र सञ्चालन गरिएका छन् । त्यस्तै, लागुऔषध दुर्ब्यसनी पूनर्स्थापना केन्द्र सञ्चालनका लागि प्रदेशका ३ वटा संस्थाहरूलाई आर्थिक वर्ष २०७५/०७६ मा १० लाखको दरले अनुदान दिइएको थियो ।

असहाय/महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिको लागि क्षमता अभिवृद्धि र जीवनस्तर सुधार गर्न संरक्षणात्मक सेवा र सशक्तिकरण, मुलप्रवाहीकरण तथा असहाय जेष्ठ नागरिकहरूको लागि समेत विशेष संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिने सरकारको नीतिअनुसार केही कार्यक्रम कार्यान्वयन भएको पाइन्छ । सामाजिक विकास मन्त्रालयको २०७५/०७६ को अनुदान विवरण प्रगति प्रतिवेदनअनुसार बालअधिकार तथा संरक्षणका लागि ९ वटा गैर सरकारी संस्थामार्फत १८ लाख रकम खर्च गरिएको छ भने अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण तथा क्षमता विकास कार्यकम अन्तर्गत ९ वटा गैरसरकारी संस्थामार्फत १८ लाख कार्यकम दिइएको छ । जेष्ठ नागरिकको संरक्षणका लागि बृद्ध आश्रमहरूलाई सहयोग र दिवा सेवा केन्द्रहरूलाई सहयोग गर्ने क्रममा दिवा सेवा केन्द्र सञ्चालन गर्न ११ वटा गैर सरकारी संस्थामार्फत ४४ लाख रकम खर्च गरिएको छ । जेष्ठ नागरिक सशक्तिकरण सचेतनामुलक कार्यक्रम अन्तर्गत प्रदेशका ५ वटा गैरसरकारी संस्थालाई २ लाखका दरले दश लाख बजेट दिइएको छ । ८४ वर्ष काटेका सबै जेष्ठ नागरिकहरूलाई घरमा नै स्वास्थ्य सेवा उपलब्ध गराइने सरकारको नीतिअनुसार आर्थिक वर्ष २०७६/०७७

को अन्तसम्ममा ७ हजार ८ सय ६५ जना जेष्ठ नागरिकलाई घरमै निःशुल्क स्वास्थ्य सेवा दिइएको छ । यसका साथै जेष्ठ नागरिक ग्राम निर्माणका लागि जग्गा व्यवस्थापन गरिएको छ ।

सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि नै नेपाली वा मातृभाषामा पढाइ हुने विषयवाहेक अरू सबै विषयहरूको क्रमशः अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था मिलाइने र कक्षा ४ देखि नै कम्प्युटर शिक्षा अनिवार्यरूपमा लागु गर्दै जान स्थानीय सरकारलाई सहयोग प्रदान गरिने प्रदेश सरकारको नीति कार्यान्वयन हुन सकेको छैन । प्रदेशलाई एक वर्षभित्र साक्षर प्रदेश घोषणा गरिने लुम्बिनी प्रदेश सरकारको नीति भएपनि यो कार्यान्वयन भएको छैन । कपिलबस्तु र बाँके जिल्ला साक्षर घोषणा नभएकाले यो नीति कार्यान्वयनमा नआएको हो । प्रादेशिक विश्वविद्यालय र प्राविधिक महाविद्यालयहरू स्थापना गर्न सम्भाव्यता अध्ययन भएको देखिन्छ । दाङ र बुटवलमा विश्वविद्यालय स्थापनाको चर्चा भएपनि आवश्यक कानुन निर्माण हुन नसकेकाले यो कार्य अगाडि बढेको छैन । प्रत्येक निर्वाचन क्षेत्रमा निम्न र मध्यमस्तरका प्राविधिक जनशक्ति तयार गर्न नयाँ प्राविधिक शिक्षालय सञ्चालन गर्न सम्भाव्यता अध्ययन भएको थियो भने सञ्चालनमा रहेका प्राविधिक शिक्षालयहरूलाई अनुदान सहयोग गरिएको छ ।

स्थानीय तहसम्म क्रमशः प्याथोलोजी र रेडियोलोजी सेवा पुऱ्याइने, महामारी रोकथामका लागि आवश्यक उपायहरू अवलम्बन गरिने र सबै प्राथमिक स्वास्थ्य केन्द्रमा एम्बुलेन्स सेवा पुऱ्याइने सरकारको नीति हो । यस विषयमा राप्ति प्रादेशिक अस्पतालमा १६ स्लाइसको सिटी स्क्यान मेसिन खरिद, २ थान आइसियु भेन्टिलेटर मेसिन र ३ थान डाइलाइसिस मेसिन खरिद, ६ थान मोडुलर डेलिभरी बेड, यू.एस जी मेसिन, ७ थान एनेस्थेसिया मेसिन, अटोमेटड बायोकेमिष्ट्र एनालाइजर, १० थान ओ.टी लाइट, ३ थान डाइलाइसिस मोनिटर,विलिङ सिस्टम जडान, यु पि जी आइ इन्डोस्कोपी मेसिन लगायतका मेसिनहरू खरिद भएको देखिन्छ । सबै प्राथमिक स्वास्थ्य केन्द्रलाई एम्बुलेन्स सेवाभन्दा पनि प्रदेशले ८ वटा एम्बुलेन्स खरिद गरेको पाइन्छ । यस हिसावले यो विषयमा ठुलो प्रगति भएको छैन । ट्रमा सेन्टर स्थापना लागि दाङको लमहीमा जग्गा प्राप्ति भएको छ भने आर्थिक वर्ष २०७६/०७७ बाट निर्माण कार्य भइरहेको छ । सिकलसेल एनिमियाको परिक्षणका लागि आर्थिक वर्ष २०७६/०७७ बाट दाङमा प्रयोगशाला निर्माणको कार्य सुरू भएको देखिन्छ । निम्न आय भएका परिवारहरूलाई दुई सन्तानसम्म आमाको स्वास्थ्य संरक्षण गर्न पोषण भत्ता दिने व्यवस्था गरिने बताइएपनि यो नीति कार्यान्वयन हुन सकेको छैन ।

वेसहारा भई सडकमा रहेकाहरूका लागि उचित व्यवस्था गर्दै लुम्बिनी प्रदेशलाई सडक मानवमुक्त प्रदेश बनाइने नीतिअनुरूप सहयोगापेक्षी सडक मानवका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न मानव सेवा आश्रम बुटवल र सिर्जनशिल संस्था नेपाल रूपन्देहीलाई १२ लाखको दरले अनुदान दिइएको छ ।

**शिक्षाको अवस्था**

प्रदेश विश्वविद्यालय र प्राविधिक शिक्षालय स्थापना गरी उच्च शिक्षाको पठनपाठन अनुसन्धानमूलक तथा व्यवहारिक बनाउने नीति लिनेदेखि प्रदेशमा रहेका सामुदायिक क्याम्पसको

गुणस्तर सुधार योजना तयार गरी लागू गरिनेजस्ता नीतिहरू प्रदेश सरकारको छ । प्रदेश विश्वविद्यालय स्थापनाका लागि उच्चशिक्षा विधेयक प्रदेश सभामा छलफलका लागि मन्त्रालयले तयारी गरेर पेश गरेको छ भने ६० वटा सामुदायिक क्याम्पसहरूको भौतिक पूर्वाधार तथा गुणस्तरबृद्धिका कार्यक्रमहरू सञ्चालन गरिएको छ । उच्च शिक्षा छात्रवृत्ति १००८ जनालाई प्रदान गरिएको छ । प्रदेशमा रहेका विश्वविद्यालयहरूको सहकार्यमा ५ वटा र सामुदायिक क्याम्पसहरूको सहकार्यमा ६ वटा अनुसन्धान कार्य गरिएको छ । रूपन्देहीको बुटवल उपमहानरपालिका रामनगरमा प्रदेश पुस्तकालय स्थापनाका लागि डिपिआर निर्माण गरिएको छ ।

प्रत्येक स्थानीय तहमा कम्तीमा एक नमूना विद्यालय निर्माण गरी आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री, तालिम र जनशक्ति व्यवस्थापनका लागि स्थानीय तहसँग सहकार्य गरिने र यस्ता विद्यालयमा नर्सिङ्ग सेवा र खेल प्रशिक्षणको व्यवस्था समेत मिलाइने सरकारको नीति हो । १२ वटा समुदायिक विद्यालयलाई नमूना विद्यालयको रूपमा छनौट गरी सुधारका विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ जसमा नर्सिङ्ग सेवा र खेल प्रशिक्षणको व्यवस्था समेत मिलाइएको छ ।

मातृभाषामा आधारभूत शिक्षा प्रदान गर्न स्थानीय तहलाई प्रोत्साहन गरिने सरकारको नीति भएपनि यो कार्यान्वयन भएको छैन । प्रदेशमा मातृभाषा शिक्षाको अवस्थाबारेमा आर्थिक वर्ष २०७५/०७६ मै एक अध्ययन भएको थियो । अपांगता भएका र अन्य कारणले संरक्षणको आवश्यकता रहेका बालबालिकाको शिक्षाका लागि संचालित विशेष शिक्षालय एकीकृत गर्दै सुविधा सम्पन्न गर्दै लगिने सरकारको नीतिअनुसार प्रदेशभित्र बिशेष कक्षा सञ्चालन भएका ५२ वटा विद्यालयहरूलाई आर्थिक सहयोग प्रदान गरिएको छ । बिशेष शिक्षा प्रदान गर्ने ४० वटा विद्यालय र १५० धार्मिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग गरिएको छ । यूवाहरूलाई उद्यमशीलता र नवप्रवर्तनतर्फ आकर्षित गर्न यूवा अन्वेषण केन्द्र सञ्चालनमा ल्याई उत्प्रेरित गरिने प्रतिवद्धता पनि कार्यान्वयन हुन सकेको छैन ।

**स्वास्थ्य स्थिति**

लुम्बिनी प्रादेशिक अस्पताललाई विशिष्टिकृत अस्पतालको रूपमा रूपान्तरण गरी जटिल रोगको उपचार प्रदेशभित्रै उपलब्ध गराउने व्यवस्थाको शुरूवात गरिने, राप्ती प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा विस्तार गरी जनशक्ति र उपकरणको प्रभावकारी व्यवस्थापन गर्दै लगिने र सबै जिल्ला अस्पतालहरूमा न्यूनतम मापदण्ड कायम गरी रक्तसञ्चार, अक्सिजन, अपरेशन लगायतका सेवाहरू बिस्तार गरिने सरकारको नीति हो । लुम्बिनी प्रदेश सरकारले गौरवको आयोजनाको रूपमा लुम्बिनी अञ्चल अस्पताल र राप्ती प्रादेशिक अस्पतालको स्तरउन्नति र भौतिक पूर्वाधार निर्माणको काम प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको छ । अस्पतालको स्वास्थ्य सेवा उपचारका आवश्यक उपकरणहरू खरिद जस्तै १४ वटा अटोक्लेभ मेसिनहरू खरिद, सिटी स्क्यान सेवा सुरू गरिएको छ । अस्पतालमा न्यूरो, अर्थोको विशिष्टीकृत सेवा सञ्चालन भएका छन् । रेडियोलोजी सेवाको लागि भौतिक पूर्वाधार निर्माण भएको छ । लुम्बिनी प्रादेशिक अस्पतालमा रक्तसञ्चार सेवा भने सञ्चालन भएको छैन ।

ब्रोङकाइटिस र दमजन्य उपचारका लागि अस्पतालमा प्रति बिरामी ५० हजार रूपैयाँसम्मको निःशुल्क उपचारको व्यवस्था गरिने र स्वास्थ्य संस्थामा जन्मेका हरेक बच्चालाई जन्मनासाथ भिटामिन के दिने व्यवस्था मिलाइने सरकारको नीति हो । सामाजिक विकास मन्त्रालयमार्फत प्रदेशमा रहेका ब्रोङकाइटिस र दमजन्य उपचारका २१० जना बिरामी यो सेवावाट लाभान्वित भएका छन् भने प्रदेश सरकारले भिटामिन के खरिद कार्य यस आर्थिक वर्षमा गर्न सकेन । प्रत्येक जिल्लामा दृष्टिदोष उपचार शिविर सञ्चालन गरिने, मुटुरोग, मिर्गौला र सिकलसेल एनेमिया जस्ता रोगहरूको सहज उपचारको व्यवस्था गरिने सरकारको नीति हो । प्रदेशका ४ वटा आँखा अस्पतालहरूलाई आँखा सेवाको सवलीकरण तथा सहजीकरणका लागि प्रस्तावमा आधारित रहेर पुँजीगत अनुदान सामाजिक विकास मन्त्रालयले प्रदान गरेको थियो भने प्रदेशका २ वटा प्राकृतिक चिकित्सा सामुदायिक अस्पतालहरूलाई पुँजीगत अनुदान दिएको थियो ।

प्रादेशिक अस्पतालहरूमा भेन्टिलेटरसहितको एम्बुलेन्स सेवाको व्यवस्था गरिने नीति कार्यान्वयनमा आउन सकेको छैन । पालिकास्तरमा एम्बुलेन्स सेवा विस्तार गरिनुका साथै एम्बुलेन्स सेवाको सहज उपलब्धताका लागि सञ्चालनमा आएका एम्बुलेन्सको ट्रयाकिङ गरिने नीतिका विषयमा भने प्रदेशभित्रका ४ वटा स्थानीय सरकारसहित जम्मा ७ वटा एम्बुलेन्स खरिद गरेर सम्बन्धित संस्थाहरूलाई प्रदान गरिएको छ । प्रदेशभित्र सञ्चालनमा रहेका ६० वटा एम्बुलेन्समा ट्रयाकिङ एपको जडान गरिएको छ भने अन्य एम्बुलेन्समा जडान गरिने क्रममा रहेको छ ।

**सामाजिक विकास एवं अभियान**

स्वच्छ पानी, स्वस्थ जीवन भन्ने नाराका साथ पिउने पानीको परीक्षणका लागि प्रयोगशालाको स्थापना गरिने सरकारको नीतिअनुसार पानी परीक्षण प्रयोगशाला कपिलबस्तुमा २०७७/०७८ मा स्थापना गरिएको छ । दलित लगायत अन्य पिछडिएका समुदायले अपनाई आएको परम्परागत पेशालाई आधुनिकीकरण गरी उनीहरूको रोजगारी, आयआर्जन तथा जीवनयापनमा सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिने नीति सरकारले ल्याएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको औद्योगिक प्रवर्द्धन कार्यक्रम अन्तर्गत २२४ जना विपन्न व्यक्तिहरूका आयमूलक सीप विकास तालिम, १५० जना एकल महिला, दलित, जनजातिलाई सीप विकास तालिम दिएको पाइयो भने दलित समुदायका लागि भवन सर्वजित परम्परागत सीप कार्यक्रम अर्न्तगत ८८७ जनालाई सीप विकास तालिम सञ्चालन गरेको पाइयो ।

लोपोन्मुख, सीमान्तकृत र अल्पसंख्यक समुदायका लागि सीपमूलक र आयआर्जनका कार्यक्रम सञ्चालन गरिने सरकारको नीति रहेको छ भने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको औद्योगिक प्रवर्द्धन कार्यक्रमअन्तर्गत ९३ जना मुक्त कमैया, कमलरी, माझी, कुमाल, हलिया तथा लोपोन्मुख समुदायलाई सीप तालिम दिएको देखिन्छ । उद्योग र कामदारबीच असल श्रम सम्बन्ध विकासका लागि श्रम सम्बाद केन्द्र सञ्चालन गरिने सरकारको नीति कार्यान्वयन हुन सकेन । अपांगता भएका व्यक्तिहरूको क्षमता विकासमा जोड दिइने,

विभिन्न कारणले निसहाय भै सडकमा परेका व्यक्तिहरूलाई लक्षित गरी सहयोगापेक्षी सडक मानव मुक्त प्रदेशसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेजस्ता नीति प्रभावकारी हिसावले कार्यान्वयन भएको देखिदैन । जनता आवास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७६/०७७ मा ३ हजार २ सय १४ वटा आवास निर्माण थालनी गरिएको थियो जसमा १२८५ वटा सम्पन्न भएको र १९२७ वटा निर्माण चरणमा रहेका छन् ।

अति विपन्न, लोपोन्मुख र सीमान्तकृत लगायतका लक्षित वर्गहरूलाई आवासको सुविधासम्बन्धी क्रमागत जनता आवास कार्यक्रमलाई निरन्तरता दिइने, प्रदेश सरकारबाट निर्माण गरिने सबै नयाँ भौतिक संरचनालाई अपांगतामैत्री बनाईने जस्ता नीति पनि सरकारले ल्याएको छ । यी नीतिहरू कार्यान्वयनको थालनी मात्रै भएको देखिन्छ । प्रदेशमा रहेका पत्थरकट्टा, नटुवा, कुसुण्डा, राउटे, चिडिमार, राजी आदि समुदायको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिने सरकारको नीति हो । यसको कार्यान्वयनका लागि प्रदेशमा रहेका सोनाहा र नटुवा समुदायका २ जना व्यक्तिलाई बालशिक्षकमा नियुक्ति दिएर रोजगारी प्रदान गरिएको प्रमुख महिला विकास अधिकृत शारदा बस्यालले बताइन् ।

**निष्कर्ष र सुझावहरू**

प्रदेश सरकारको नीति तथा कार्यक्रममा आर्थिक तथा सामाजिक पक्षको पहिचानसँग जोडिएका विषयवस्तुहरू मुलतः अध्ययन गर्नेसम्बन्धी छन् जुन कामहरू प्रतिवद्धता गरेअनुसार त्यसै आर्थिक वर्षमा सम्पन्न नभएपनि पछिल्ला आर्थिक वर्षमा कार्यान्वयन भएको देखिन्छ । स्वदेशमै रोजगारी सिर्जना गर्न सरकारले विभिन्न कार्यक्रम ल्याउने प्रतिवद्धता जनाएअनुसार मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम, स्मार्ट कृषि गाउँ कार्यक्रम, युवा लक्षित श्रम तथा रोजगार प्रर्वद्धनलगायतका कार्यक्रम ल्याएको पाइन्छ । तर, यस्ता कार्यक्रमले के कति मात्रामा रोजगारी सिर्जना भयो ? के कति व्यक्ति एवं घर परिवार लाभान्वित भए ? भन्ने एकिन गर्न कठिन छ । त्यसैले प्रदेश सरकारले आगामी दिनमा रोजगारी सिर्जनाका लागि ल्याएका यस्ता कार्यक्रमले के कति रोजगारी सिर्जना भए ? यसबाट स्वदेशमै रहँदै आएका के कति संख्यामा लाभान्वित भए ? रोजगारीको खोजीका लागि विदेशिएका तर स्वदेश फर्किएका के कति ब्यक्ति त्यसतर्फ आकर्षित भए ? भन्ने विषयमा प्रष्ट पार्न आवश्यक छ । सरकारको यस किसिमको प्रयासले मात्रै त्यस्ता कार्यक्रमहरूको प्रभावकारिता पत्ता लगाउन सहज हुन्छ ।

सेवा प्रवाहको क्षेत्रमा सरकारले गरेका प्रतिवद्धताहरू अमूर्त देखिन्छ । त्यसैले आगामी दिनमा सेवा प्रवाहमा के कस्तो सहजता ल्याउने, त्यसका लागि कस्ता कार्यक्रम तय गर्ने र त्यसको कार्यान्वयन कसरी गर्नेदेखि त्यसबाट के कस्तो लाभ भयो भन्ने विषयलाई सरकारले प्रष्ट पार्न आवश्यक छ । सेवा प्रवाहलाई शीघ्र, सरल र सहज बनाइने भनी उल्लेख गरेर मात्र पुग्दैन । त्यो कसरी र त्यसका लागि के कस्ता प्रयास गरिन्छ भन्ने विषयमा प्रष्ट पार्न जरूरी छ । आर्थिक वर्षको अन्तमा यसमा भएका प्रगतिको विषय सार्वजनिक गरेर यस्ता विषयलाई प्रष्टयाउन सकिन्छ ।

निजामति सेवा र वित्तीय पहुँचको विषयमा पनि अमूर्त कुरा गरिएको छ । वित्तीय पहुँच बढाउने भनेर सरकारले स्थानीय तहमा बैंकका शाखा पुऱ्याउन खोजेको हो वा सर्वसाधारणको बैंक खाता बढाउने र त्यसैमार्फत आर्थिक कारोवारको पहुँच बढाउने भन्ने विषयमा प्रष्टता छैन । आगामी दिनमा यो विषयमा थप प्रष्ट पार्न आवश्यक छ ।

विपद् व्यवस्थापनको क्षेत्रमा सरकारले खासै कार्यक्रम ल्याएको छैन भने गरेका कतिपय प्रतिवद्धता पनि कार्यान्वयन भएको देखिदैन । सञ्चार क्षेत्रको विकासको सवालमा सरकारको प्रतिवद्धता उही आर्थिक वर्षमा कार्यान्वयन नभएपनि त्यसपछिका वर्षहरूमा कार्यान्वयनका लागि थालनी भएको पाइन्छ ।

पूर्वाधारको क्षेत्रमा सरकारको प्रतिवद्धता कार्यान्वयनमा मिश्रित परिणाम देखिएको छ । केही कार्यान्वयन भएका छन् भने कतिपय प्रतिवद्धतामै सिमित देखिन्छ । विद्युतीय बस सेवा सञ्चालनका सम्बन्धमा आथिक वर्ष २०७५/०७६ मा काम हुन सकेन । आर्थिक वर्ष २०७७/७८ मा मात्रै प्रदेश पूर्वाधार विकास प्राधिकरणमार्फत भैरहवा-बुटवल र घोराही-तुलसीपुरमा विद्युतीय बस सेवा सञ्चालनको सम्भाव्यता अध्ययन थालनी गर्न खोजिएको छ । समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीहरूलाई आइन्दा यो प्रदेशको कुनै पनि निर्माण तथा सरकारी कार्यमा संलग्न नगराइने नीति लिएकोमा त्यस्तो नीति कार्यान्वयन भएको देखिदैन । प्रदेश सरकारले खानेपानी, सिंचाई, उर्जा र पर्यटन विकासको लागि वहुउपयोगी ठूला तथा मझौला जलासयहरू निर्माण नीति लिएअनुसार आर्थिक वर्ष २०७५/०७६ मा यो काम हुन सकेन ।

फोहरलाई मोहरमा बदल्ने नीतिअनुरूप शहरी फोहोर व्यवस्थापनबाट आय आर्जन गर्न नगरपालिकालाई सहयोग गर्ने र सार्वजानिक निजी साझेदारीमा फोहोर व्यवस्थापन तथा प्रशोधन कारखानाहरू स्थापना गर्ने प्रदेश सरकारको नीति हो । तर, यो नीति पनि कार्यान्वयनमा आएको छैन ।

निजी क्षेत्रको समेत लगानी प्रोत्साहन गर्दै प्रसारण एवम् वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युतको पहुँच सर्वसुलभ बनाइने तथा कालीगण्डकी, नौमुरेजस्ता प्रदेशस्तरका ठूला आयोजनाहरूको निर्माणमा अग्रसरता लिइने र उत्तरगंगा जलासययुक्त आयोजना ४ नम्बर प्रदेशसँगको सहकार्यमा अघि बढाउन पहल गरिने सरकारी नीति भएपनि यसको कार्यान्वयन भएको छैन ।

कृषि क्षेत्रको विकासमा पनि सरकारको प्रतिवद्धताअनुसार कतिपय काम हुन सकेको छैन । शित भण्डार निर्माण कार्य थालनी भएपनि प्राविधिक जनशक्ति र शित भण्डारसम्बन्धी विज्ञको अभावले सोचेजस्तो प्रगति गर्न नसकेको सरकारले नै स्वीकार गरेको छ । प्रदेशस्तरीय कृषि अनुसन्धान केन्द्र स्थापना गरिने नीति कार्यान्वयनमा आएको छैन । अर्गानिक उत्पादनको ट्रेडमार्कसम्बन्धी कानुनी व्यवस्था मिलाइने सरकारको नीति भएपनि यो संघीय सरकार अर्न्तगत नै भएकाले कार्यान्वयनमा आएको छैन ।

भुमि वैंक स्थापना गरी जग्गा बाँझो राख्ने प्रवृतिलाई रोक्ने र भूमिहीन कृषकहरूलाई खेति गर्न करारमा जमीन उपलब्ध गराउन शुरू गरिने सरकारको नीति कार्यान्वयन भएको

देखिदैन । किनकी अहिलेसम्म भूमि बैंकको स्थापना नै भएको छैन । भू-सुचना प्रणालीलाई व्यवस्थित गर्न प्रदेशस्तरमा भू-अभिलेख केन्द्रको स्थापना गरिने तथा भूमिको वैज्ञानिक र आधुनिक लागत राख्ने व्यवस्था मिलाइने नीति खासै कार्यान्वयनमा आएको देखिदैन । भूमि नक्सालाई डिजिटल बनाउने प्रक्रियामा नै रहेको छ । भू-अभिलेख केन्द्रको स्थापना तथा भूमिको वैज्ञानिक र आधुनिक लागत राख्ने व्यवस्था भएको छैन । भू-अभिलेख संघीय सरकारकै अधिकार क्षेत्रभित्र रहेकाले पनि अलमल भएको हो ।

सहकारीको व्यवस्थापनको क्षेत्रमा पनि उल्लेखनीय प्रगति भएको देखिदैन । सहकारी क्षेत्रमा पारदर्शिता, जवाफदेहिता प्रवर्द्धन गर्न तथा सहकारीको माध्यमबाट गरीवी निवारणमा टेवा पुऱ्याउन सहकारी तथा गरीवी निवारण सूचना प्रणाली स्थापना गरिने सरकारको नीति भएपनि यो कार्यान्वयनमा आएको छैन । आर्थिक वर्ष २०७५/०७६ मा लुम्बिनी प्रदेश सरकारले नीति तथा कार्यक्रममा एकीकृत बस्ती विकासलाई जोड दिने कुरा उल्लेख गरेको थियो । तर, दीर्घकालीन एकीकृत बस्ती विकासको कार्यक्रम भएको छैन ।

औद्योगिक क्षेत्रको विकाससँग जोडिएका सरकारी प्रतिवद्धताहरूको कार्यान्वयनको अवस्था पनि मिश्रित किसिमको छ । केही कार्यान्वयन भएका छन् भने कतिपय कार्यान्वयन हुन बाँकि नै छ । औद्योगिक क्षेत्रको सुरक्षाका लागि संघीय सरकारसँगको समन्वयमा औद्योगिक सुरक्षा बल स्थापना गरिने नीति लुम्बिनी सरकारले अघि सारेको थियो । तर, औद्योगिक सुरक्षा बल स्थापना भएन ।

पर्यटन विकासका लागि सरकारले धेरै किसिमको प्रतिवद्धता ब्यक्त गरेकोमा कतिपय कार्यान्वयन भएका छन् भने केही कार्यान्वयन भएको देखिदैन । पर्यटन प्रर्वद्धनका लागि बहुउपयोगी अन्तर्राष्ट्रिय खेल मैदान र सम्मेलन केन्द्रको निर्माण थालनी भएको देखिदैन । रामग्रामदेखि लुम्बिनी हुँदै तिलौराकोटसम्म मोनोरेलको सम्भाव्यता अध्ययन गरिने उल्लेख भएपनि त्यस्तो अध्ययन भएको छैन । पर्यटकीय रूपमा कपिलवस्तुको विकास गर्न प्राचीन कपिलवस्तु विकास आयोजना सञ्चालन गरिने भनिएपनि कार्यान्वयन भएको छैन ।

सम्भाव्यता अध्ययन गरेर आर्थिक वर्ष २०७५/०७६ भित्रमा दुईवटा जडिवुटी प्रशोधन केन्द्र स्थापना गरिने सरकारको नीति थियो । तर, आर्थिक वर्ष २०७६/०७७ मा बाँके र दाङमा प्रशोधन केन्द्र स्थापनाका लागि प्रस्ताव आव्हान गरिएकोमा तोकिएको अवधिमा कुनै प्रस्ताव पर्न नसकेकाले कार्यान्वन हुन सकेको छैन । आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा दाङस्थित नेपाल संस्कृत विश्वविद्यालयको सहकार्यमा जडीवुटी उद्यान निर्माण गर्ने भनिएपनि कार्यान्वयन भएको छैन । प्रादेशिक विज्ञान तथा प्रविधि प्रतिष्ठान गठन गर्ने कार्य आर्थिक वर्ष २०७५/०७६ कै नीतिमा उल्लेख गरिएपनि कार्यान्वयन भएको छैन ।

मानव तथा सामाजिक विकासको पाटोमा पनि सरकारको प्रतिवद्धता कार्यान्वयनको अवस्था मिश्रित देखिन्छ । केही प्रतिवद्धताहरू कार्यान्वयन भएका छैनन् । सुकुम्वासी तथा अव्यवस्थित वसोवासको व्यवस्थापनमा प्रदेश सरकारले अग्रसरता लिने उल्लेख भएपनि उनिहरूकै लक्षित कार्यक्रम भने सञ्चालन गरेको छैन । सामुदायिक विद्यालयहरूमा कक्षा

१ देखि नै नेपाली वा मातृभाषामा पढाई हुने विषयवाहेक अरू सबै विषयहरूको क्रमशः अंग्रेजी माध्यमबाट पठन पाठनको व्यवस्था मिलाइने र कक्षा ४ देखी नै कम्प्युटर शिक्षा अनिवार्यरूपमा लागू गर्दै जान स्थानीय सरकारलाई सहयोग प्रदान गरिने प्रदेश सरकारको नीति कार्यान्वयन हुन सकेको छैन ।

प्रदेशलाई एक वर्षभित्र साक्षर प्रदेश घोषणा गरिने लुम्बिनी प्रदेश सरकारको नीति भएपनि यो कार्यान्वयन भएको छैन । कपिलबस्तु र बाँके जिल्ला साक्षर घोषणा नभएकाले यो नीति कार्यान्वयनमा नआएको हो । प्रादेशिक विश्वविद्यालय र प्राविधिक महाविद्यालयहरू स्थापना गर्न सम्भाव्यता अध्ययन भएको देखिन्छ । दाङ र बुटवलमा विश्वविद्यालय स्थापनाको चर्चा भएपनि आवश्यक कानून निर्माण हुन नसकेकाले यो कार्य अगाडि बढेको छैन । निम्न आय भएका परीवारलाई दुई सन्तानसम्म आमाको स्वास्थ्य संरक्षण गर्न पोषण भत्ता दिने व्यवस्था गरिने बताइएपनि यो नीति कार्यान्वयन हुन सकेको छैन ।

सरकाले घोषणा गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक ऐन नियम निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ । प्रदेश र संघ, प्रदेश र स्थानीय सरकारका सरोकार वा अधिकार क्षेत्रका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानूनी प्रबन्ध र द्विपक्षीय वा बहुपक्षीय बैठक, सम्मेलन वा संवादका माध्यमबाट सहज वातावरण निर्माणका लागि पहल गर्नुपर्ने देखिन्छ ।

त्यसैले सरकारले आगामी दिनमा नीति तथा कार्यक्रममार्फत अघि सारेका आफ्ना प्रतिवद्धताहरू कार्यान्वयनमा ध्यान दिन जरूरी छ । यसका साथै सरकारले कार्यान्वयन गर्न सक्ने किसिमका प्रतिवद्धताहरूलाई मात्रै उल्लेख गर्नु राम्रो हुने छ । साथै नीति तथा कार्यक्रममा उल्लेखित विषयहरू के कति कार्यान्वयन भए भन्ने विषयमा सरकार स्वयम्ले समिक्षा गर्ने र कार्यान्वयन हुन नसक्नुका कारणहरू पत्ता लगाउँदै आगामी दिनमा सुधार गर्न आवश्यक छ ।

**सन्दर्भ सामाग्री**

अर्याल, टोपलाल । २०७७ । घर फर्किएका युवा बाँझो जमिनमा खेती गर्दै । नयाँ पत्रिका दैनिक, मंसिर ५ ।

आचार्य, प्रेमनारायण । २०७७ । कोरोनाले रोजगारी गुमाएर फर्किएकालाई कृषि र पशुपालनबाट स्वरोजगार बनाईंदै । दैनिक पत्र, कार्तिक २० ।

आचार्य, रामप्रसाद । २०७७ । लुम्बिनी प्रदेशमा कोभिडले रोजगारीमा पारेको प्रभाव कस्ता छन् स्थानीय सरकारका योजना । जनसंघर्ष दैनिक, कार्त्तिक १९ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । २०७६ । आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको प्रगति विवरण। आर्थिक मामिला तथा योजना मन्त्रालय ।

आर्थिक मामिला तथा योजना मन्त्रालय । २०७७ । आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रगति विवरण । आर्थिक मामिला तथा योजना मन्त्रालय ।

आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोग, प्रदेश सरकर, प्रदेश नं. ५ । २०७७ । प्रथम अवधिक योजनाको प्रथम आर्थिक वर्षको बार्षिक समिक्षा प्रतिवेदन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय । २०७६ । आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रगति विवरण । आन्तरिक मामिला तथा कानून मन्त्रालय ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । २०७६ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष २०७५/०७६ को प्रगति प्रतिवेदन ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय । २०७७ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आर्थिक वर्ष २०७६/०७७ को प्रगति प्रतिवेदन ।

कृषि तथा सहकारी मन्त्रालय । २०७७ । कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको २०७६/०७७ नीति तथा कार्यक्रमको प्रतिवेदन ।

खनाल, कृष्ण । २०७७ । ५१ करोडको कोभिड विशेष कृषि कार्यक्रम । बुटवल टुडे, असोज ३ ।

पोखरेल, बन्दना । २०७६ । स्मार्ट कृषि कार्यक्रमले ल्याएको परिवर्तन । मेचीकाली दैनिक, पुस १७ ।

पौडेल, लक्ष्मण । २०७७ क । गरिबी घटाउँदै मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम : दुईवर्षमा ५८ करोड खर्च, डेढलाख लाभन्वित । बुटवल टुडे, साउन १२ ।

पौडेल, लक्ष्मण । २०७७ ख । स्मार्ट कृषि गाउँ कार्यक्रमको दुई वर्ष : उत्पादनमा उपलब्धि, बजारीकरणमा समस्या । बुटवल टुडे, असार २४ ।

प्रदेश नम्बर ५ प्रदेश योजना आयोग । २०७६ । प्रथम आवधिक योजना । प्रदेश योजना आयोग, प्रदेश सरकार प्रदेश नं. ५ ।

प्रदेश नम्बर ५ प्रदेश योजना आयोग । २०७६ । मध्यमकालीन खर्च संरचना २०७६–२०७९ ।

प्रदेश योजना आयोग । २०७७ । प्रथम आवघिक योजनाको प्रथम आर्थिक वर्षको वार्षिक समिक्षा प्रतिवेदन आर्थिक वर्ष २०७६/०७७, प्रदेश योजना आयोग ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय । २०७६ । आर्थिक वर्ष २०७५/०७६ को बार्षिक समिक्षा प्रगति प्रतिवेदन । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय । २०७६ । आर्थिक वर्ष २०७५/०७६ को बार्षिक प्रगति प्रतिवेदन, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय । २०७६ । आर्थिक वर्ष २०७५/०७६ मा अनुदानग्राहीहरूको विवरण पुस्तिका । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । २०७४ । प्रदेशको आर्थिक सामाजिक विकासको स्थितिपत्र । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

रायमाझी, रामचन्द्र र कृष्ण पोखरेल । २०७७ । विदेशबाट फर्किएका युवाहरूलाई कृषि र पशुपालनमा लगाउँदै । नवजनचेतना दैनिक, भदौ १५ ।

सामाजिक विकास मन्त्रालय । २०७७ । आर्थिक वर्ष २०७६/०७७ को बार्षिक समिति प्रतिवेदन, सामाजिक विकास मन्त्रालय ।

शर्मा, टोपराज । २०७७ । प्रदेश सरकारका आशलाग्दा कार्यक्रम : उद्यम विकास कोषदेखि औद्योगिक ग्राम र कोसेली घरसम्म ।गौतमबुद्ध संदेश, मंसिर २२ ।

शर्मा, रंजिता । २०७७ । स्थानीय तहका कृषि बजेट विनियोजन न्युन त्यो पनि खर्चै हुँदैन । युगबोध दैनिक, भदौ १९ ।

**कुराकानी गरिएका व्यक्तिहरू**

- प्रा. डा. ईश्वर गौतम, उपाध्यक्ष, प्रदेश योजना आयोग ।
- डा. विष्णु प्रसाद गौतम, प्रवक्ता, प्रदेश योजना आयोग ।
- ध्रुव मजगैंया, प्रमुख कार्यकारी अधिकृत, प्रदेश पुर्वाधार विकास प्राधिकरण ।
- निर्मल चौधरी, वातावरणीय निरीक्षक, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ।
- ध्रुवराज पौडेल, सिंचाई तथा उर्जा महाशाखा प्रमुख, भौतिक पूर्वाधार मन्त्रालय ।
- गणेश घिमिरे, अधिकृत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ।
- डिलाराम पौडेल, सहायक वन अधिकृत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ।
- आलोक कुमार ओझा, अधिकृत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ।
- शारदा बस्याल, प्रमुख महिला विकास अधिकृत, सामाजिक विकास मन्त्रालय ।
- यमकान्त पाण्डेय, उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ।
- माधवराज मरासिनी, उपसचिव। आन्तरिक मामिला तथा कानून मन्त्रालय ।
- देविराम पाठक, योजना अधिकृत, आन्तरिक मामिला तथा कानून मन्त्रालय ।
- शेषदत्त चौधरी, सहायक भू-संरक्षण अधिकृत, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय ।
- ध्रुव धिताल, सिनियर डिभिजन ईन्जिनियर, भौतिक पूर्वाधार विकास मन्त्रालय ।
- भिमार्जुन पाण्डे, प्रवक्ता, भौतिक पूर्वाधार विकास मन्त्रालय ।
- श्रीधर ज्ञवाली, महाशाखा प्रमुख, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ।
- संजय ढकाल, सूचना अधिकारी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ।
- थानेश्वर ज्ञवाली, उपसचिव, सामाजिक विकास मन्त्रालय ।
- मनोज कुमार गैरे, उपसचिव, सामाजिक विकास मन्त्रालय ।
- लिलाधर अर्याल, लेखा अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय ।
- डा. रेवती रमण पौडेल, सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ।
- डा. पुष्पराज पौडेल, सूचना अधिकारी, सामाजिक विकास मन्त्रालय ।
- राजेन्द्र प्रसाद पन्थी, सूचना अधिकारी, भौतिक पूर्वाधार विकास मन्त्रालय ।
- दिनेश अधिकारी, सूचना अधिकारी, प्रदेश सभा लुम्बिनी प्रदेश ।

२०६५ सालमा स्थापना भएको पाल्पा विकास केन्द्रले प्रदेशस्तरमा मिडिया विकास साथै नीतिगत बहस र संवाद साथै अध्ययन अनुसन्धानमा क्षेत्रमा काम गर्दै आएको छ । संस्थाले सञ्चालनमा ल्याएको नीतिपात्रो पोर्टलमा लुम्बिनी प्रदेशका स्थानीय सरकार र प्रदेश सरकारसँग सम्बन्धित सामग्रीहरु समेटिएका छन् । यो पोर्टलले विशेषगरी पत्रकारहरुलाई स्थानीय एवं प्रदेश सरकारले बनाउने नीतिदेखि बजेट लगायतका विषयमा खास मुद्दा र स्रोतको पहिचान गरी विस्तृत रुपमा समाचार तयार पार्न सहयोग पुऱ्याउनेछ । त्यस्तै, आम जनतालाई आफ्नो समुदायमा के-कस्ता नीतिगत काम भइरहेका छन् भन्ने विषयमा पनि यो पोर्टलले जानकारी दिनेछ । संस्थाले प्रदेशस्तरीय पर्यटन प्रवर्द्धन, साँस्कृतिक सम्पदा र शिक्षा सम्बन्धि अध्ययन अनुसन्धान र भिडियो डकुमेन्ट्री निर्माण, स्थानीय तहमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, परिचयात्मक फोटो फिचर निर्माण, क्षमता विकास तालिम र अन्य परामर्शमा काम समेत गर्दै आएको छ ।

प्रकाशकः

**पाल्पा विकास केन्द्र**

तानसेन नगरपालिका-२, पाल्पा

फोनः ०७५-५२२०९९

इमेल : info@nitipatro.com, palpatdc.dov@gmail.com

वेभः www.nitipatro.com